# चम्पा



लक्ष्मीप्रसाद देवकोटा

# चम्पा

(नेपाली सामाजिक उपन्यास)

महाकवि लक्ष्मीप्रसाद देवकोटा

**प्रकाशक** : साझा प्रकाशन

**संस्करण** : साझा प्रकाशनबाट

दोस्रो, २०२५

तेस्रो, २०२९

चौथो, २०५२

पाँचौं, २०५५

छैठौं, २०६४ (५१०० प्रति)

**आवरणकला** : टेकवीर मुखिया

**मूल्य** : रु. २५।–

**मुद्रक** : साझा प्रकाशनको छापाखाना, पुलचोक, ललितपुर

फोन : ५५२१०२३, फ्याक्स : ५५४४२३६

**ISBN: 978-99933-2-652-6**

# प्रकाशकीय

महाकवि देवकोटाले आफ्नो जीवनीलेखकलाई समेत झुक्याइदिनुभएको छ। नित्यराजज्यूले त्यति मेहनत गरी खोज्दा पनि महाकविको कुनै उपन्यास फेला पार्न सक्नुभएन र उहाँलाई लेख्न कर लाग्यो... "सिर्फ उपन्यासक्षेत्रमा कविजी देखा पर्नुभएन" (महाकवि देवकोटा, पेज ६७)

कहिलेकहीं आफूले लेखेको कुरा गल्ती रहेछ भन्ने थाहा पाउँदा झन् खुसी लाग्ने अवस्था पनि पर्दो रहेछ। एउटा त्यस्तै अवसर हो भन्ने हामीलाई लाग्छ। तर देवकोटाज्यूले उपन्यास पनि छाडेर जानुभएको रहेछ भन्ने थाहा पाउँदा नित्यराजज्यूलाई जति आनन्द लागेको होला त्यत्तिकै खुसी हामीलाई पनि लागेको छ, यसलाई प्रकाशनमा ल्याउन पाएकोमा।

यो उपन्यास जुन रूपमा हामीले पायौं, त्यही रूपमा हामी पाठकहरूका सामु टक्याउँदैछौं। त्यसैले पढ्दा यो कसैकसैलाई अपूरोजस्तो पनि लाग्नेछ। तर लेखकले सबै कुरा नभनी पाठकलाई नै बाँकी कुरा कल्पना गर्न लगाउने आधुनिक उपन्यासको परिपाटीअनुसार केही भन्न बाँकी नै राखी झट्ट टुङ्गिएजस्तो यो उपन्यास धेरैलाई रिझाउने पनि हुन सक्नेछ भन्ने लाग्छ।

ने.भा.प्र. समितिको उत्तराधिकारमा हामीलाई प्राप्त भएको यस पुस्तकको लेखोट कापीमा बाहिरपट्टि नाम थियो 'नेपाली सामाजिक उपन्यास'। त्यही शीर्षक राखी पुस्तक प्रकाश गर्नु ठीक लागेन र हामीले एउटा नाम दियौं –'चम्पा'। तर यही न्वारान गर्दा पनि हामीले देवकोटाज्यूको परम्परा छाडेका छैनौं भन्न मन लाग्छ किनभने कथाको मुख्य पात्रीको नामबाट नै किताबको नामकरण गरिएकोले 'कुञ्जिनी', 'लूनी', 'सुलोचना', 'म्हेन्दु' कै हारमा यो उभिएको देखिनेछ।

यसरी जन्मेको करिब बीस वर्षजतिपछि न्वारान हुने यो 'चम्पा' ले लोकप्रिय हुन बीस दिन पनि पर्खन नपरोस्! न्वारान गराउनेको नाताले हामी यही आशीर्वचन भन्छौं। तथास्तु!

– क. दी.

# अध्याय १
# बालचिन्ता

लबारपाँडे बुढाथाइँले सुब्बा श्रीकान्तलाई मुखभरि लहडी तवरले सिँगारेको थियो। आँखाका कुनामा मुजा परेका थिए, चिउँडो खस्केको थियो, मुखले अलि जिल्ल परेर वाल्ल हेरेजस्तो भाव लिएको थियो, तर उनका आँखा तीखा देखिन्थे।

नेपाली सेतो भोटो लगाएका र सेतो सुरुवाल। शरीर सुक्नाले दुवै अलि खुकुलो देखिन्थे। कालो पालिसदार चौपाया खटियाउपर घोप्टिरहेका। रातो सिसाकलम लिएर भागवतको खुल्ला पुस्तकमा बराबर चिनो लगाउँथे। बराबर थुक लगाउने बानी थियो।

कोठा थियो पैसावाल मध्यवर्गीय। मैलिएको टर्की कार्पेट चार किनारामा। बीचमा सत्रन्जा... ढोकानेर फुट-रग। एउटा टेबिल पनि थियो दक्षिणतर्फ भित्तामा। उत्तरतर्फ रातो पालिसदार बुट्टा काटेको बन्द दराज। अगाडि सेता, सफेद दुइटा चकटी। टेबिलउपर एक ऐना थियो...। टेबिलमा दुइटा काँचका फूलदान र एक रिकापीमा चारोटा मोसम। भित्तामा तल्लो एकहत्ती भाग गाढा नीलो थियो, उपर फिका नीला तस्वीरहरू टाँगिएका थिए। एउटा श्रीकृष्णको... राधिकासँग यमुनातीरमा अधनङ्गा हँसिलो मुरली-लीलामा...। एउटा इसामसीहको चित्र, जीवनको दश भागको चित्रण; एउटा सरस्वती; अर्को विष्णुभगवान्को विश्वरूप। सफाइ बेकसिङ्गर थियो। ठूलो बालिस्टको आड लिएर सुब्बाबाजेले ओठमा सिसा लगाए। ठीक यसै बेला चुनु र बुलु दुई बुहारी भित्र पसे। चोसे मुख लगाएर बूढाले गौड गरेको देखेर चुनुको चञ्चले कुतकुत्याइलो बैंसको छातीबाट हाँसो फुट्यो उनीले दबेको स्वरमा देब्रे हातका चोर-माझीले मुगाओठ छेकेः खिर्खिराइन्।

बुलुका आँखा हाँसे तर हाँसो रोकेर भनिन्, "जा मोरी के विघ्न उत्ताउली.....?"

"माक्क मोरी !" भनेर चुनुले तल्लो ओठ ट्वाक्क दाँतले टोकिन्, तव ती दुई बुहारीहरू सासूको कोठाभित्र पसे ।

अक्सर बूढाबाजेलाई संसारसँग रिस, डाह लाग्दैनथ्यो । उनी शान्त, गम्भीर थिए । तर यी उत्ताउली वयसीहरूको खिसीटेप्लीले उनलाई आफ्नो धार्मिक कल्पनाको जगत्वाट अलिकति यस संसारतर्फ सचेत गराइदियो । बूढाले सोच्न लागे, 'आजकलका ठिटीहरू के विघ्न उत्ताउला ! अलपक्का नजडी, आङ नहिलाई, आँखा नतर्की, नचलमलाई त हिँड्नै नसक्ने ! कति सिँगारिनुपरेको ! सेतो छाला छँदैछ .... वस, गुलाफउपर रङ्ग थप्याझैं हेरन कति बाक्लो फा ! अनि लाली । नकलीपनाको यत्रो चहलपहल ! रेशमी चुरी.... ल .... हेरन कपालका पत्ती .... मुन्द्रा बटार्छन् बा ! दिनभरि कप्टेरो सेकाएर .... भौं टिप्या' छन् उस्तै.... नामै कामिनी अव.... कुरकुरे बैंस.... कति हाँस्नुपऱ्यो ल .... जे देखे पनि कुतकुती लाग्या' छ, लाग्या' छ ....ससुरा भनेर गाँकिने हुन् र ? .... माक्क मोरी.. भनेर हिँड्छन् ए ! कस्ता बेशरम ल ! यिनको माकल हुन आए अव ए चपलचण्डी हो .. !'

तर बूढाले उठ्दो रिस दबाए '.... यी यस्तै हुन्, सेती पाडीहरू' भनेर चित्त बुझाए । उनी खूब राम्रा लायक थिए आफ्नो बैंसमा । उनलाई रूपको मोहनीले नै राजाले सुव्बाङ्गी दिएका थिए ।

'ए ! सुब्बा हुन लायक त यिनी पो रहेछन् ए जेठा ! यस्तो रातोपिरो, मोटोघाटो मान्छे पो सुहाउँछ कसो ?'

'महाराज !'

'होइन त ? .. ..हेर्न यिनको बल्दो चेहरा, रातोपिरो मान्छे मात्रै मन पर्छ ए मलाई त ! च्याँसे सुब्बाले कल्की भिऱ्या' राम्रो देखिन्छ त ?'

'सुब्बाङ्गी वक्सिन खूब लायक हुन् सरकार ! '

'अँ : ऐन-खेस्ता हेऱ्या' छौ पण्डित ?'

'ल .... चौवीस सयको मीरसुब्बा भयौ ....रुपियाँ राख ।'

वस .... त्यो जमाना कहाँ गयो, अव यी मुकुन्डीहरूले खिर्रखिर्र गरेर हँस्सी उडाउन लायक रे ए आज त ! .... तरुनीहरू हाम्रा टायममा

रातो मुख लगाएर हेर्थे ए हामीलाई पनि !

सुब्बाबाजे उठेर टेबिलअगाडि उभिए .... हातमा काँडे लट्ठी थियो। उनले हल्पी ऐनाअगाडि आफ्नो चेहरा जाँचे– मुखको गतिपति थिएन। अलिकति जिल्ल परे। मानिस आफ्नो उपहास योग्यतामा सचेतता राख्दैन। 'किन नहाँसून् नाइँ, छेपाराले चुस्या' जस्ता ढुम्म मोरीहरू !' ...उनको जीवन नै हँस्सी थियो .... वृद्धताउपर निरादरको दृष्टि पनि स्वाभाविकै हो, उनले चित्त बुझाए। 'हामी पनि त हाँस्यौँ नि आफ्नो जमानामा... हर्के बूढो, अरिमर्दन बूढो, सुब्बेनी माइज्यूलाई देखेर कति जिस्काइन्थ्यो तिनलाई ! उहिले, उहिले !'

उनको यस्तो मानसिक अवस्थामा नातिनी चम्पा भित्र पसिन्। बूढाले ऐना हेर्न लागेको देखेर उनलाई बडो आश्चर्य लाग्यो। त्यस्तो बूढो मान्छेले किन ऐना हेऱ्या' होला ? के मजा लाग्दो होला, छि: ! ....

बाजेको समीपमा पुगेर १२ वर्षकी मीठी चम्पाले बोलिन्,"हैन हजूरबुबा ! हजूरलाई पनि ऐना हेर्न मन लाग्छ ?"

बूढा नातिनीतिर फर्के .... दारीमा हात लगाएर भने, "आम्मै ! हाम्रो आँखा होइन र ? हाम्रो मुख होइन ? तिमीहरूको मात्र आँखा, मुख हुन्छ त ?"

"हजूरबुबा ! हजूरलाई आफ्नो मुहार चौपट्ट राम्रो लाग्छ हगि ?"

चोरको खुट्टा काट् .... बूढाले उत्तर दिए, "हेरन, आफ्नो मनको कुरा बकेकी ! हामीलाई आफ्नै मुख हेर्न मन लाग्दैन त ! जुँघामा कति तमाखुको काई लाग्यो भनेर। तिमीहरूलाई पो जुन बेला पनि सिँगार गरिरहूँ, ऐनामा हेरिरहूँजस्तो लाग्छ।"

"हजूरबुबाको मुहार मलाई ता चौपट्ट हिसी भएको जस्तो लाग्छ। मलाई अरू मान्छे चाउरी नपरेको भए पनि कत्ति पनि राम्रो लाग्दैन, बाबै !"

"कस्ती बाठी ठिटी ! कागको फुल चोर्ने, हेरन, म राम्रो छु ? फटाही !"

"राम्रो भन्या' त अँ-अँ-अँ व्यास ऋषिजस्तो त हो नि ! दारी फुलेको अनि, अनि निधारमा चाउरी परेको।"

"यो मान्छे हुनिकी छैन !" सुब्बाबाजेले नातिनीको गाला चिमोटेर भने, "त्यसो भए चम्पालाई बूढो पोइ खोजिदिने भएँ, हुन्छ कि हुन्न ?"

"छिः के कुरा गरिबक्स्या' होला ? अँ.... हामी बिहे गर्छौं त्यस्तरी क्या ?"

"छोड्लिस् अब बिहे गर्न ? वाँ माग्न आइसके.... अर्काले।"

"उँ-- हो ?"

बहत्तर वर्षका बूढा कानका तीखा थिए, आँखाका पनि छिटा। पुराना बूढाहरूलाई सत्ययुगको दूध, दही, घिउको असर रहेकै हुन्छ। विज्ञानको युगको जीर्णशीर्णता कम हुन्छ।

"अझ उँ, हो भनेकी हेरन ? .... सत्ते ! चम्पा ! मैले ठट्टा गऱ्या' भन्ठानिस् ? माग्न आ' छन् तँलाई अधिकारीको घरबाट ....।"

"त्यस्तो मोरो अधिकारी ! बिहे नै गर्दैनौं।"

बूढाले भने, "हा उल्लू ! अर्कालाई भ्वाट्ट त्यसरी मोरो भन्न हुन्छ ? पाप लाग्छ।" पाप नामको एउटा विचित्र, आधा बुझिएको, अस्पष्ट, नगर्न हुने तर आकलझुकलमा या खराब स्वभावले गरिने कुनै कल्सँदो वस्तुले बाहुनकी छोरी अलि झस्किन्। ब्राह्मणकन्यामा ज्यादै धार्मिक मोलतोलको असर पर्दछ .. उनीहरू कट्टर हुन्छन् .. कुनै कुनै, जसको व्यक्तित्व ज्यादै परिस्थिति या धर्मले च्याँठिन्छ र हाँकिन्छ, बलवा गर्न थाल्दछन्। चम्पाको निर्दोष शैशवको रङ्गिलो सुगन्धी भावनामा परम्परातर्फ विरोधको विचार उठिसकेको थिएन।

चम्पाले भनिन्, "हजूरबुबा ! पाप भन्या' के हो ?" उनका आँखा बाटुला बोध-प्रयासी थिए।

बूढाले उत्तर दिए, "पाप भन्या' अर्कालाई दुःख दिनु।"

चम्पाले जवाफ दिइन्, "उसो भए राजाले किन चोर-बदमाशलाई दुःख दिया' त ? पाप लागेन हजूरबुबा ?"

बूढाले चोरको निन्दनीयता तथा बदमाशहरूको दण्डनीयताउपर सानो घरेलु व्याख्यान छाँटे। चम्पाको चित्त राम्ररी बुझेन। उनले

घुँघरदार शिर हल्लाइन्, "भोक लागेपछि चोर्दैन त ? विरालोले पनि चोर्छ। सबले पढ्न, खान नपाएपछि बदमाश किन हुँदैनन् त ? .. .. हाम्रो दूध ल्याउने कसाहीको छोरो दिनभरि गुच्चा खेल्छ, बाबै ! "

चम्पाको कुरा गराइमा माधुर्य मात्र होइन, चातुरी तथा गहिराइ समेत थियो। 'यो मान्छे चौपट्टकी छ' बूढाले सम्झे। 'अघोर बाठी .. ..पछि लोग्नेलाई हातमा नचाइदिन्छे यसले !' तर कडा मुख लगाएर उनले थपे।

"हा गवन्धि !..राजाको कुरा केटाकेटीले गर्नु हुन्छ ?" कौमुदीको सन्धिबाट उनले गाली गरे। चम्पा एकछिन चकित भइन्। उनलाई सुझेन कि राजाको कुरा केटाकेटीले किन गर्न हुँदैन ?

"अँ ! ...." उनले अर्धश्वासको ध्वनिमा उत्तर दिइन्, "होला अब ? केटाकेटीले किन कुरा गर्न नहुनु रे ? बेस्करी हुन्छ हजूरबुबा ! बूढाले मात्रै कुरा गर्नु भन्ने छ त ? .. ओहो ! हजूर पनि।"

बूढाले झिँजिएर "खेल्न जाऊ" भने। तब चम्पा उफ्रँदै, नाच्दै कोठाबाट बाहिर निस्किन्। 'छुकछुक छैयाँ, छुकछुक छैयाँ, चकचक चुकचुक....।'

ध्वनिहरूको निरर्थक अनुप्रासात्मक उफरआफर चापल्य र रसनोत्तेजकता उनको स्वभावको दानासँग मिल्थ्यो।

'यस्ती मिर्गकी छाउरी !' बूढाले मनमनै भने, 'यसले पराइघरको बुहार्तन कसरी गर्छे ? उमेर नपुगी कत्रो विहा गरिदिनको शौक ल !'

उनको चित्त बुझेन। उनी बज्यैको कोठाभित्र पसे। ढोकाबाहिर कठबारले बारेको साङ्ग्रो बाटो थियो। त्यस बाटामा बज्यैको कोठाभित्र पस्ने ढोका थियो। बूढाले हतपतमा टाउको ठोके।

"यी ढोकाहरू .... साना तला नगरी नहुने नेपालमा .. .. के गर्नु .. ..? एक बित्ता अग्लो पारूँ भन्या' अरूहरूले मान्ने भए पो ! यी यस्तो होचो ल ....।"

बूढाको आवाज सुनेर, उनले निधार छामेको देखेर सुब्बेनीबज्यै आफ्नो अढाईहाते गद्दीको मुनितिरको सेतो लम्पटबाट उठिन् ।

"के भयो ? के भयो ? ठोकियो कि बेसरी ? के भयो ?"

"केही भएन .. ..अलिकति ठक्कर मात्रै लाग्यो ।"

"दुख्यो कि साच्चै ?"

"होइन .. .. केही भएन .. ..।"

सुब्बाबाजेका आँखा कोठावरिपरि घुमे, सुब्बेनीबज्यैको कोठा सब सिँगारदार, रङ्गिलो थियो । वालपेपरले सजेको .. ..पालिसदार दराजहरूले सुसज्जित .. .. दराज, झ्यालउपर माटाका सिँगारेका उड्दा परीहरू ठाँटिको, कार्पेट नयाँ, सत्रन्जाउपर गलैंचा । सब चीज फरेस देखिन्थे । टेबिलमा ऐना, साबुन, फूलदान, काँचका पुतली, आधा दर्जन प्लेटहरूको खात, आधा दर्जन चियाका प्यालाहरू .... थिए । अढाईहाते गद्दीउपर साटिनदार भूलको वाबरलेटको नीलो रङ्गाएको जाली उचालिएर नागबेली दोलाईको कलादार गुँडुल्का स्पष्ट प्रदर्शन गर्दथ्यो.... दुइटा चकटीमा बसेर बुलु र चुनु बुहारी फूलको माला गाँसिरहेका थिए । भोलिको दिन कृष्णाष्टमी छ ।

सुब्बाले सुब्बेनीलाई छेड हानेर भने, "सुब्बाभन्दा त सुब्बेनीकै दर्जा पो ज्यादै ठूलो देखिन्छ त ? खूब फरेसमा छयौ, ए तिमी त ! अझ उमेर पनि त ताजै छ नि !"

"उँ ! कसरी मर्जी भा' होला .. .. अचम्म ! .. .. अर्काको केश काँस भैसक्यो वाँ ! के छ र यहाँ त्यस्तो विघ्न ? म ता बिलकुल सादा भन्थेँ ! तर छोराहरू छन् नि हजूरका .. .. टेबिल भएन रे, फूलदान भएन रे .. .. ज्येठाले कलकत्ताबाट ल्याइदिएका प्लेट र प्यालाहरू सब । म बूढी कहाँ चिया पिउँथेँ र ? यो कलकत्ताबाजको करले मात्र !"

बूढा तस्वीर जाँच्दै हिँडे .. .. कृष्ण र विष्णु ... जरीदार, मालादार, सिँगारदार .... तस्वीरमुनि साना तख्ता, तिनउपर एक-एक ढलौटे पाला । तेल टम्म । बूढाले विचार गरे – 'बूढीको कोठामा रातभर कृष्णजी चमचम ज्वालाको तारिलो मोहनीले जरुर रासलीला खेल्न आउँदा होलान् ! स्त्रीजातिलाई यथार्थ स्वामीले पुग्दैन । एक काल्पनिक स्वामी

रचना गरेर वास्तविक मांसयुक्त स्वामी मूर्तिको कमी पूरा गर्दछन् ।' त्यति चिसा बूढालाईसम्म हृदयमा सानो डाहाडको अङ्कुर पैदा भयो 'के हामी पुरुषहरू यिनका खेलौना मात्र हौं ?... नकली भावले पूजा गरिने त्यस वस्तुको प्राप्तिको निमित्त जसलाई उनीहरू आदर्श सुन्दर पुरुष मान्दछन् !'

"ए निशा !" सुब्बाबाजेले टिप्पणी गरे, "ठाँट अल्लि ज्यादा भएन तिम्रो ?"

सुब्बेनीबज्यैले वरिपरि हेरिन्, "आज कृष्णपूजाको तयारी भएर मात्र । उस्तो ज्यादा मलाई पनि कहाँ मन पर्छ र !"

नजिकको मेचमा बसेर बूढा भन्न लागे, "विचार गरन, ऋषि-मुनिलाई मुढाको मञ्च कस्तो थियो, वनको छहारी, फूलपातको सिँगार । कृष्णाष्टमी भन्छौ भन्न त तिमीहरू .. .. म त यस चाडमा पनि यन्त्रको युग आएको पो देख्न लागें । विचार गर, यो बुलुको कार्चोपीको चोली र चुनुको रेशमी सारी । कति फलामको क्रियाले तयार भए यी त । यो रेशमको युग भनेर तरुणो दुनियाँ सलसलाएर फुरुक्क पर्छ । म भन्छु रेशमको भित्र हजार हत्या छ... अनगिन्ती पुतली मार, ठिटीहो ! यो रेशम निर्दयी छ । यसले तिमीहरूको नसा सुक्नेछ एक दिन । दूधका सिर्का शिशुका मुखमा जाने छैनन्, भोलि-पर्सि हामी बोक्रै भइरहेछौं, आत्मा आज टाढा गइसक्यो, कुरकुरे बैंसको अन्धो खोल यो रेशम, यसमा प्रशस्त जलन छ, के नेपाल राम्रो भयो ? के तिमीहरू राम्रा भयौ ? यो बरो हो, वैरी होइन । हामी छालामा आएर नाच्छौं । ठिटीहो ! अहिंसाको व्रत पालन गरन ।"

वाल्ल परेर चकित नजरले दुई बुहारीले ससुराको मुहार जाँचिरहे, एकछिन ।

तब एकले दोस्रोलाई कोट्याएर मुसमुसाए, घुम्टोको पर्दापछाडि ।

उनीहरूलाई बूढाले के भन्न खोजेको हो, राम्ररी चढेन । 'ज्यादा सिँगारिए बेस हुन्न भन्या' होला । उत्ताउली बनिन्छ रे !'

बूढाले एकछिनपछि थपे, "वस्तुको व्यवहारमा चरित्र छ, लसुन नखानु नै बाहुन हुनु हो । तिमीहरू वृत्ति भाँडिरहेछौ । इसामसीहको स्वर्ग गुमेको कथाजस्तो हुनेछ, नेपाल एक दिन माक्क हुँदा बुझौला तिमीहरू ।"

'माक्क' शब्दउपर बूढाले यति जोड दिए कि चुनुले जिभ्रो निकालिन्। बुलुले आँखीभौँ खुम्चाएर भनिन्, "जाऊ मोरी ! कस्तो हेपेर गुच्छा पाऱ्या' ? फूलै पुग्या' छैन, मोरी !" बुहारीहरू विचार गर्दथे कि बूढाबूढीहरू एक किसिमका जीव हुन्, जो ठिटीलाई हप्काउनु आफ्नो पवित्र कर्तव्य सम्भन्छन्। बैँसमा नठाँटिए कहिले त ? अँ, रेशम नलाए, सौता आइलागे भने नि, मोहनी त बैँसको धन हो। उनीहरू दुवैले बूढो, मर्न लाग्या' फ्याउरोको कहानी सम्झे। फेरि जवान हुन पाए, कम हुन्थ्यो बूढा... ? तिमी पनि उनको कुतकुते बैँस हरहमेशा श्रेष्ठताको भाव लिएर बुढ्याइँ नामको लबरपाँडेको नकल हेर्थ्यौं रिसले भन्दा चाखले। के अनौठा छि: ? छालामा त्यति मुजा-पऱ्या' ल, के विघ्न ? चञ्चल नानीको पिउनीजस्तो...

बूढाले तब धेरै कुरा सम्झाउँदै बताए कि चम्पा नातिनी यस साल विवाह गर्न सकिने उमेरमा पुगेकी थिइनन्। एक-दुई वर्ष हडबडाउनको जरुरत थिएन।

बूढाले भने, "बिचरी कोपिलै छ। आँग फुकेकै छैन। पिटिक्क जान्न पराईघरमा ?"

बूढीको चित्त बुझेन- 'त्यत्रो उमेर भैसक्यो। बहत्तर वर्ष थोरा हो ! अनि आफूलाई ज्यमराजले निम्ता दिइसके, मौका आउँछ, पर्खँदैन। मुट्ठी फुक्यो, चरो उड्यो। गुमाउन हुने हो ? अचम्म ! यो साल कि नकसाल। बाह्र वर्ष थोरै हो त ! च्वाट्ट पर सरे, बिताएन ? कुनामा पसिसकेकी छोरी भन्दैन दुनियाँले ? बाहुनको घर पो त ! त्यतिको फेरि ठाउँ आउनु, सत्ययुग फर्कन्छ भन्या' जस्तो, ए ! अनि कन्यादानको पुण्यलाई कत्रो बयान छ ! स्वर्गको यति सजिलो बाटोछोड्न हुन्थ्यो, अहिले ? आफ्नो हृदयको सन्तोष पनि त हो नि ! फेरि जिइरहियो भने पनातिको मुख देख्न पाइने पनि त सम्भावना थियो।'

घरेलु इजलासमा स्त्रीको वकालतलाई पुरुषको भाले जिभ्रोले जित्न सक्तैन। आँटेपछि उनीहरू भए गर्छन्, खुकुलो भए जोड लगाउँछन्, नहुने भए रुन थाल्छन्। शान्तिभङ्ग एक आन्दोलन छ असहयोगभन्दा कडा।

बूढाले आखिर हारे..... ज्योतिषीबाजे आइपुगे..... भोलिपल्ट चिना खुल्ने भए। तब चम्पालाई नाच्न लगाएर बूढीले एक सेतो नयाँ डबल हातमा राखेर पठाइन्.... चम्पाको हाउभाउ अत्यन्त मनोहर थियो। बुहारीहरूले भने, "ठिक्क सिनेमा...।"

बिचरी चम्पा बुझ्दैनथिन् राम्ररी बिहा भन्ने चीजको उत्तरदायित्व, महत्त्व, खतरा। उनी बराबर बिहा गरी वनमा खेल्थिन्, मजा हुन्थ्यो नकली रूपमा। कुनै वस्तु, घटना कृत्रिमता या यथार्थ रूपभन्दा राम्रो र आनन्ददायक हुन्छ। वियोगात्मक घटना दु:खदायक हुन्छ तर रङ्गमञ्चमा। दुनियाँ त्यसैमा आनन्द मानेर हेर्न जान्छ। बिहा भन्ने चीज भयङ्कर चीज हुन्छ। त्यसको भीषण नाटकमा वास्तविक स्वरूपले अभिनेत्रीको रूप धारण गर्दा दुलहीहरू रुन्छन्। यो व्यक्तित्वको स्वतन्त्रतालाई सिमित गर्ने वस्तु हो। यति गऱ्हुँगो छुट्ट्याउने, अन्धकारसँग जोड्ने, यत्रो भीषण यात्रा र खतरा छ। यसले कलमी गर्छ बिरुवाको, जो एक मृत्युको खतरा हो। परिवर्तनविरोधी पौँधा मर्छन्। शैशवमा कोहीकोही मात्र सप्रन्छन्। धेरै चढ्दोबढ्दो उमेरमा बिग्रन्छन्, बाङ्गिन्छन्, भाँडिन्छन्। अविरोधी पुतलीहरू घर भन्ने पराइजेलमा पनि उत्तिकै चल्छन्, जस्तो माइतीमा। परिवर्तनानुसारी मन विकास हुने फुल्छन् पनि। तर बालकको जेलखानाको स्वरूपमा घर भन्ने यति भीषण वस्तु छ– यो अन्तर्दृष्टिरहित पुरुषको चैतन्यको पकडबाहिर छ।

चम्पाको बिहा खेल रमाइलो क्रीडा थियो। तर अब बिहा हुने रे ! यसै साल। उनलाई एक किसिमको अनौठो डर लाग्न थाल्यो, मन तरङ्गिन लाग्यो। 'पोइले गहना, हीराको इस्टार, हजार रुपियाँको सारी इत्यादि, पाउडर, सुनको किलिप, काँटा अनि त के ल्याउँछन् रे ! जस्तो फलानीको बिहामा बेस। तर सित्तै ल्या' होला त ? उसको पनि त मतलब होला नि, हामीलाई किन्या' होला कि के हँ ? हामी दासी रे उँ ? हो ? हामी कमारी हो र ? अनि सासू हुन्छे रे। हाम्री आमा त असल, चौपट्ट असल। आँखामा हाले पनि नबिझाउने, ब्यारे ! तर अर्काकी आमा ? छि: माक परी भने नि ? कसै-कसैकी आमा एकदम राम्री हुन्न बा ! यति बाक्लो आँखीभौँ बाबै ! अनि कोही कति दुच्छर हुन्छन् !

नाइँ बा ! मलाई अहिले बिहे गर्न केको चासो ? हामी गर्दैनौं रे, पढ्छौं रे। नाच, गान सिक्छौं रे। हामीलाई मन परे सिनेमामा शान्ता आप्टे, देविका रानीजस्ती बन्छौं रे कसैको कर लाग्छ ? वाह ! नाइँ बा ! म त बिहे नगर्ने। त्यो पोइ कस्तो छ, कस्तो ! न मधिसेजस्तो छ ! साँच्ची अस्ति राजाकी छोरी दिया' कस्तो कलच्वाँठ थियो छि ... दुरुस्त देहाती मधिसे... कत्रो जुँघा ? पुरा खान पनि घीन लाग्लाजस्तो। कसैको गाला खबटे हुन्छ, मुख चुस्स पऱ्या'। हामी बाँदरसँग बिहा गर्ने बा !'

यस्ता अनेक तरङ्ग चम्पाका मनमा दुगुर्न लागे- 'पोइ भन्या' के होला ?... साँच्ची ? हाम्री मुमाको पोइ बुबा रे ! तँ यसको भनेर लाइदिया' होला अब। एउटा कोठामा सुतेर एउटै थालमा भात खान लाइदिया' होला अब। तर अस्ति कान्छीको पोइले कसरी पिटेको बाबै ! खुकुरीको दापैदापले। छि: कस्तो चण्डाल मोरो ! म भए नबस्ने बा ! त्यस्ता मोराको घरमा। लोग्नेमान्छे किन त्यति बलियो भा' होला ? उसको हत्केला हातको पन्जा नै कत्रो ? हकि ! एक चट्कन दियो भने रिसा' बेलामा। ओहो नाइँ बा ! हामी त अहिले बिहा गर्दैनौं, हामीलाई केको कर ?' यसरी चम्पा त्यस रातको आधा-भागसम्म चिन्तित रहिन् जस्तो ज्यानमारा फाँसीको दिनको अघिल्लो रातमा, जस्तो हरुवा हार्ने अघिल्लो दिन। वैयक्तिक चिन्ता पर्दापछाडि रहन्छ, हामी देख्दैनौं। प्रकाश नभए, मुखमा देखिए मात्र जाहेर हुन्छ। तर आफू, आफ्नो बाँकी जिन्दगानीको राह भन्ने विषय पर्नासाथ मानवपनमा महती समस्या खडा भएर क्रान्तियुगमा प्रजातन्त्र मन्त्रीको द्वार घचघच्याउने शुभचिन्तकहरूझैं घचघच्याउन थाल्दछन्।

घडीले दुवै हात जोऱ्यो विधातासँग पानी बर्साउने परमेश्वरको शिरोबिन्दु पदमा। चम्पा तरङ्गले थाकेर लोलाउँदै सुस्त निदाइन्। त्यस रात उनी झस्किन् र कराइन्, धाईआमाले मात्र सुनिन् रे।

# अध्याय २

कान्तिपुरको जनसङ्ख्या विचित्र तवरले बढिरहेछ। विदेशीको त्रासलाई उनले गढी राखिदिएकी छन्। स्वदेशीतर्फबाट पहाडमा जीवन र उपार्जनको प्रयोग हुन्छ। जब पहाडी प्रयोग सफल भएर मोटाउँछ, मानिसहरू कान्तिपुरीको दोसाँधको टिपकारीदार घर सम्झन्छन्। मैतीदेवीको फाँट हामीले देखुन्जेल लोभलाग्दो हरियो थियो। पशुपति बूढाको महान् उदरपूर्तिलाई भक्तगणले खडा गरी राखिदिएको धानवालीको ठूलो फैलावट थियो। पुलदेखि खरीको बोटसम्म वनस्पतिको विस्तृत साम्राज्य निष्कण्टक देखिन्थ्यो। कुन चाहिनें राजा हुन् पशुपतिलाई बराबर बेइज्जत गर्छु भनेर गाली दिँदै आउँथे रे र विचित्र बूढा बाबाको प्रभावले तर्सेर हच्केर 'बूढो धोबी त्यसलाई मैले जान्या' छ, पख् भोलिको दिन' भनेर फर्कन्थे भन्ने भनाइ छ, जसले रुद्रमती (उत्ताउली, डरलाग्दी, चट्टानकटुवी रुद्रमती) धोबीखोलाको नामले नेपालमा प्रसिद्ध भइन् रे! उनको खाडीमा जलको उपजदार क्रियाले पशुपतिबाबालाई बेस बाली उमार्ने र उपभोग गर्ने सौभाग्य मिलेको थियो। धोबीखोलाले चट्टान काटेर बानेश्वरको पयर चुम्दै पूर्वपट्टि बडा सुन्दर, विचित्र शिल्पकारी तयार गरेकी छन्। जुनेलीको जाग्रतका दिनमा सौन्दर्यका विहारीहरूको झल्कने बालुवाको सिताराले झलमलाउँदी वन-बगैंचाले सदा लहलहाउँदी निर्मल कलकले धोबीखोलाले पानी पटाइ तथा जमिन तयारीको काम यति राम्रो देखाएकी थिइन् कि यो जग्गा अति रमणीय देखिन्थ्यो। भण्डारखालको पशुपतिनन्दनको पश्चिमी पर्खालको गेरु घेरामुनि विशाल फाँटमा मानव शिल्प-कलाले आक्रमण गरेको थिएन। केवल सरकारतर्फबाट बिरुवा लगाइएको, ईंट घेराले सिँगारिएको मैतीदेवीको मूल सडकले मात्र यस खाडीको विशाल वक्षस्थल बीचमा चिरेको थियो।

तर अब यस समयमा (जसको हामी उल्लेख गरिरहेछौं) यस फाँटका किनारामा मानवको कृत्रिम सभ्यताले ईंटका ढेरीले आक्रमण

गर्न शुरु गरेको थियो। यस फाँटमा बनेका पहिला घरहरूमध्ये एउटा घर थियो रमाकान्त अधिकारीको।

उनी पूर्व तीन नम्बर ओखलढुङ्गाका थिए। ओखलढुङ्गा कविको चाहिँ अर्कै छ। पहाडी प्रकृति सुन्दर कहाँ होवैनन् ? तर ढुङ्गाका चोसेमोसे घर, जाली खड्का र चतुरे कार्कीहरूको ज्यादा जमात भएको बेलामा पं. रमाकान्त अधिकारीले एकबाजि त्यहाँ बाजी मात गरेका थिए। जग्गा पोल्ने काम त्यस समयको सरकारबाट आश्वासित कर्म भएकाले एक जालीसँग मिलेर उनले यस काममा प्रशस्त सफलता हासिल गरेका थिए। त्यसपछि सर्केर उन्नति भयो उनको। कागत बनाउने काममा हात हाले। महायुद्ध उनको निमित्त खराब समय थिएन। पैसाको छेलोखेलो भयो। तब राम्रो व्यापारमा हात हाले र कान्तिपुरीको सम्भावना परीक्षा गरूँ भन्ने मनसायले उनी मैतीदेवी फाँटमा आएर घर बनाएर बसे। पहिले त उनलाई धेरै धोका मिले। एक जना मास्टरबाजेका भर पर्दा झन्डै खोलामा परेका थिए। भाग्यले बल्लतल्ल बाँचे। नेपालीहरू गजबका छट्टू हुँदा रहेछन्। कुराकानी त के भन्नु खै ! आकाशको फल टिपिहाल्ने पो, पच्चीस हजारको काम उठाएको पन्ध्र हजार ता ओठैओठले पो चपाइदिए। बल्लतल्ल चालामाला बुझेपछि दश हजारसम्म बचाइयो। नेपालमा गफीको फेला पर्न हुँदो रहेनछ त ! पहाडमा पचास हजारसम्म जमाएका पहाडी राजा बनेका पं. रमाकान्त नेपालमा पहाडी अँडीर बनेर विचार गर्न लागे कि जोगाउनु पनि कमाउनु हो। ठूलो हाँगो पक्रेर जोगिएर बस्नु वस कान्तिपुरको जीवनको जादूमन्त्र उनले सिके। धुरी बढाउने विचार अलि मसाङ्ग्रिएको थियो। ठूलाको आँखी पर्न हुन्न भन्ने होशियारीद्वारा उनलाई एक मित्रले रवाफको भाँडामा ठन्डा पनि हालिदिएको थियो। बराबर राजाको लेण्डो बग्गी प्रधान धुरीअगाडि अड्दथ्यो रे। ठिक्कको रवाफ नराखी ता भएन नत्र नेपालेहरू पहाडिया भनेर यति सान्हो हेला गर्दैनन् पो ! च्वाट्ट समाजैमा एक लरीले बोक्ने घर रे ! 'मुखिया ढिँडो रे !' तीते फापरको कथा रे ! बित्पातका पो हुन्छन् नेपाली ठिटाहरू त !

पं. रमाकान्तले राजाको चाकरी गर्न लागे, धेरै दिन

फुसफासमा चल्यो। बिर्तावारी जोरेकोले खान त दुःख भएन तर जागिर, मान, बढतीको पुत्लो पनि पो भएन त। आखिर जब दरबारमा तीन नम्बरेहरूको चकचकी बढ्यो, तब उनको पालो आयो। उनी पहाडबाट यता झरेका ठालु, बेठालु, बुद्धू सबसँग राजासँग भएका कुरा जुँघाको ताउ लाउँदै सुनाउन लागे। रवाफ पनि बढ्यो। कमान्डचीफको पेवाको बन्दोबस्त उनले पाए।

दुई-चार चीज यस्ता हात लाउन पाए केको दुःख ए ! व्यापारमा भने अघ्घोरै बाठा पो रान् बा ! नेवारहरू त नेपालका ! बाहुनहरूको के टिकाउ थियो र ! एउटा बाहुन सप्प्या' देखिएन बा ! ग्वालियरमा भोटे वस्ताद गा' जस्तो।

अब छोराछोरीहरूलाई अङ्ग्रेजी पढाएर दरबारमा घुसाउनुपर्छ।

उनको जेठो छोरो उमाकान्त अधिकारीको बिहे भइसकेको थियो। पहाडी पोखरेलकी छोरी थिइन्, धम्मरधुस। तीनौटा पोइलाई फ्याँक्न सक्ने अब। मापाकी ! चाकर्नीलाई ढुस्याएर तह लाउने अब। काम पनि भन्नै नपर्ने, स्वाइँस्वाइँ मस्यौटा, चाइँचाइँ जाँतो, भ्याङलाङभ्याङलाङ ढिक्की। तर रिस उठ्यो भने मार्न पनि बेर नलाउने। सासूलाई पनि नटेर्ने अब, त्यस्ती मापाकी बूढी। उमाकान्त अधिकारी त्रिचन्द्र कलेजमा विज्ञान पढ्दथे। माहिलो छोरो भीमकान्त अधिकारी यस साल प्रवेशिका पास गर्ने भएका थिए। उनको पनि विहा भएको थियो। बुहारी ठूलाकी छोरी थिइन्। तर यति सुकुमारी, यति पम्पा, बयान गरी नसक्नु। एक दिन मस्यौटो पिसे, तीन दिन थला पर्थिन्।

साहिंलो छोरो रामकान्तलाई प्रकृतिले अलि कम निगाह गरेकी थिइन्। उनको मुख केही बाङ्गो थियो। ओखरको बोटबाट लडेर बायाँ गालामा चार अङ्गुल खत परेको थियो। मुखभरि मखिबुट्टे चायाँ, डन्डीफोर तथा चिरिएको चिउँडो, गाला लिपिक्क, हाड टङ्गन्न, आँखा च्याँसे। तर अघोर ठाँटिनुपर्ने उनैलाई। प्राकृतिक आकर्षणको कमीको चेतले नौजवानलाई आत्माको दोस्रो बोक्रो, परिधानतर्फ ज्यादा जोडदार आश्रय लिन लगाउँछ। रामकान्तको तलाश एक घण्टाको हुन्थ्यो, डन्डीफोरका चोसामा हेर्ज्लन

स्नोको हिउँवुट्टा – सेता कोठीको रमाइला स्वरूपमा लागेका देखिन्थे । भौं छाँट्नुपर्थ्यो । नेपाली बाबूसाहेबका देखासिकीमा लिपस्टिक दल्ने आदत लिएका थिए। रामकान्तको चर्तिकला भनेपछि डिल्लीबजारमा मसहुर छाँट थियो। बाटुलकल्ली पर्पालिन ग्रीष्ममा भेला हिउँदमा– अथवा कश्मीरा ! मान्छे च्यान्टे ! कालो कोट कश्मीराको या जमोठको आँगमा नचढाई, निक्खर कालो बलि चाहने महाकालीझैं उनी प्रसन्न रहन सक्तैनथे । आँखा कमजोर नभए पनि उनी चक्षुविशेषज्ञकहाँ पुगेका थिए ।

"के हुन्छ बाबू ?"

"के के किरकिर लागिरहन्छ। धमिलो दृष्टि छ।"

"कुखुराको फुल खानुपर्छ !"

"छ्या ! बाहुन म त, के भन्या' ?"

"हैं ? कलकत्ता जानुभा' छैन ? पहेँलो त नजरको औषधि त्यसको, बुझ्नुभएन ?"

"होला, तर हाम्ले खानु कसरी नि ? भान्साँ' उकाल्छन् र ?"

"व्यक्तित्व चाहिन्छ .. ..त्यति लुकाएर खान नजाने के काम गर्नु- हुन्छ त दुनियाँमा ?"

"फेला पर्‍यो भने ? मारेन ?"

"के गर्छ त ? .. प्रायश्चित्त छ नि ..चश्मा लाउने ?"

"तब के गर्नु त ?"

"शून्य पावरको लिनोस् न त। के ? .. .. ल यो फस्ट किलासको फ्रुक्स। असी रुपियाँ।"

उनको चौचश्मी व्यक्तित्व बाराटमा ठमठमाउँथ्यो या पाइग्रामा बग्थ्यो। अलकत्राको माग गरेर जसको अभावले उनी नेपाललाई गाली गर्थे- ".. .. सिंहदरबारको सडक रे ! छि छि छि ! कति खडखडा .. .. नदीको ढुङ्गा छुसछुसेले पेल्या' हेरन। हामी बाग्मतीको बाटो हिँड्छौं नि बरु। ईश्वरले बना' छैनन् बाटो र ? जलले पेल्छ बरु ए ! उखु पेलेझैं सडक पेलेर हुन्छ ? हर्निया हुन्छ रे ? किन हुँदैन त नौजवान साइक्लिस्टलाई ? कति गरिब सरकार ।

त्यस्तो सिंहदरबार बना' के काम लाग्यो ल ? गाडी ओल्या'

जस्तो पो छ बिलकुल। अलकत्रा त किन्न सक्तैनन् यिनीहरू। यस्तै हो शहर बना' ? नेपालमा म्यूनिसिप्यलिटीले के गर्छ ? गाँजा खाने जागिर दिया' त होइन ?" इत्यादि .. .. नौजवानहरू आफ्नो सुविस्ता (शारीरिक या मानसिकद्वारा) सरकारको सरहनी या वदख्वाइँ गर्ने गर्दछन् ।

उनी आदर्श रमणी चाहन्थे। साथीहरूसँग गफ हुन्थ्यो, "म ता च्यान्टा मान्छे ! मैले बिहे गरें भने त चिनियाँ मैयाँ, बुझिनस् कि ?"

एक साथी भन्थ्यो, "हँ ? साँच्ची पटनामा कस्तो म छकिया' बाबै ! किङकार्निभलमा यसपालि ! जापानी लेडी रहिछ बा ! नेपाली जस्तो लागेर, 'होइन, दि ! काँट आ' हँ ?' भनेर च्याट्ट बोल्या' त ए 'चाङ बाङ चुबु मारू कारू कानवान' गरी, म ता सुइँकुच्चा ठोकें बा ! हाँस्दाहाँस्दा हैरान। कस्तो ठिक्क गुरुङसेनीजस्ती हँ ?"

अर्को भन्थ्यो, "बाहुनको छोरो भएर किन जन्मिस् त ? तिमीहरू मङ्गोलियन जातिलाई अत्यन्त हेलाँ गर्छौ, बा ! तँ एक जनाले जाति मिलाउन लागिस् कि कसो ए ?"

रामकान्त तब जातिकलहको निरर्थकता तथा अन्धताउपर व्याख्यान छाँट्न लाग्थे। उनलाई चिनियाँ च्यान्टा नै चाहिन्छ। जापान जाने सुर छ। चाङ-काइ-शेकसँग एक दिन हात मिलाउनु थियो।

"हरियो आँखा त भन्दिनँ, तर थेप्चो नाकलाई भने त सरहनी बा ! रोगन सुनजस्तो, कपूरजस्तो होइन।"

यस्तो कुराकानी जापानी, बङ्लो इत्यादि विषयमा हुँदै थियो। जापानी चित्रपटमुताविक बूढानीलकण्ठ वा सुन्दरीजलमा ठाउँ खोज्ने कुरा चल्दै थियो। खूब विवाह विषयको गफ हुँदाहुँदै रामकान्तले देखे कि जीवनको ठाँट कल्पनामुताविकको हुँदैनथ्यो। बाबु, आमा, घर, जाति, परिस्थिति यी कण्टकहरू 'मैले देख्नु न सेख्नु ! वाह ! बिहे रे ! कति मज्जा कुरा ? जातसँग ज्येठा दाज्यूले विहे गरे, फूलपुतलीसँग माहिला दाज्यूले बिहे गरे, अब म कोसँग ...बाघसँग कि ढोईसँग ? उनको त खुट्टा मिच्ने मान्छे जोर्ने पो कुरा छ। मेथी, चम्सुरको सँगी सासूलाई चाहियो भनेर हामीलाई आँखा छोपेर देश घुमाउने ?

कुल रे ?... पैसा रे ? पाथी भुस ! आफूभन्दा ठूला' छोरी घर हेलाँ गर्छन्, काम गर्दैनन्, गरिबले घरको संस्कार घर्काउँछन् । आधार लिनुपर्छ बनोटको पो । के यो जुवा खेल्या' हो र ?'

यस्ता तर्क-वितर्कमा रामकान्तबाबुले बिहाको चल्दो कुरा सुने । उनीलाई अलिकति रिस उठ्यो कि ठिटाहरू भनेर बाबुआमा जीवनारम्भीको कति कम कदर देखाउँछन् ।

उनले बुझ्ने, हेर्ने, अनुभव गर्ने विचार गरे । अङ्ग्रेजहरू कति बेस ! प्रेमको बाटो त रोक्तैनन् । यहाँ प्रेम भन्ने चीज नेपाली र हिन्दुस्तानीको कुनै पुस्तकले सच्चा तवरले अनुभव गरेन । "अरूको आँखा, हाम्रो जिन्दगी, वाह !... हामी पुतली होइनौं क्यार ? अथवा चल्लाचल्ली ! ज्यापूले मोटो चल्ला मोटी चल्लीको ह्याकुलो छामेर एकै खर्पनमा हालिदियो, बस, फुल पारिहाल्छ नि मजाको ।"

रामकान्त नवम श्रेणीमा पढ्दथे । खूब जेहेनदार थिए । खूब परिश्रमी पनि । उनको गुन्डोपन केवल बोक्रे थियो । तलाश, स्नान, पोशाकलाई प्रशस्त समय बिते पनि उनी व्यभिचारका विरोधी, चरित्रका पक्का, जेहेनका तीव्र, आँखा र कानका चलाख थिए । उनले प्रशस्त अङ्ग्रेजी उपन्यास हेरेका थिए । प्रेमको रहस्य मैले जतिको अरूले जानेको छैन भन्ने उनको अन्तर चैतन्य थियो । भावी पत्नीको आदर्श उनले बनाइसकेका थिए । उनलाई अब कस्ती होली भन्ने समस्याले घनघोर बाधा गरिरहेको थियो ।

"कन्या अत्यन्त उम्दा छन् बाबू ! लाखमा रोजा ।" आमा रमादेवीले भनिन् । "को नि त्यस्तो समालोचना ल्याउने ? आलुपसलेले भैंचालोको सवाईलाई कालिदास ठान्या' जस्तो । पिताको आँखामा मान्छेले जाँच्या' बालुवा सब सुन सुन ।"

"होइन" आमाले सम्झाइन्, "सबले हेरिसकेको बाबू ! 'तिमीहरू मात्र आँखा भा' छौ, अब दुनियाँमा ? अरूका आँखा छैनन् क्यार ?"

"अँगार, अँगार अरूका आँखा काँच अरूका नजर, आमा !

तपाईंलाई राम्रो लागेर हुन्छ ? फरिया लिने बज्यैले भनेर हुन्छ ? बुढाथोकीको वचनले हुन्छ ?" रामकान्त जागे।

"अझ अप्सराजस्ती खोजेर झन् होला कि त भन्यो झन् मसँग पो जाग्न आउँदो रहेछ, नाथु ! जान त, तँ आफैं खोजेर ले।"

यति वचन सुनेपछि रामकान्तलाई कन्या नराम्री रहिछन् भन्ने त भएन। अप्सराजस्ती ! फस्ट किलास ! लाखमा रोजा ! बेस.... तर ती बकहरूलाई अप्सराको कल्पनै छैन ! ... अस्तु ... !

रामकान्तले कन्या हेर्न जाने निश्चय गरे.. साथीको मोटरसाइकिल मागेर भडभडाउँदै बाग्मतीपारि पुगे। एक पसलमा मोटरसाइकिल राखेर सिगरेट किने। हेर्ने भाडा पसलेलाई दिए र श्रीकान्त सुब्बाको घरको बाटो सोधेर अन्दाज गरिएको वरिपरि एक चक्कर लगाउन थाले। घरको पछाडिपट्टि पुग्नासाथ उनले होचो पर्खालबाट सानासाना ठिटीहरू खेल्न लागेका देखे।

बगैंचा रमणीय थियो... सुन्तला, हलुवावेद, भोगटे, मोसम इत्यादिका प्रशस्त रूखहरू थिए। जाईका झाडहरू पनि देखिन्थे। एउटा ओखरको हाँगाबाट डोरी झुन्ड्याइएको थियो। काम्रो भएको मोटो पीङ मच्चाउने काममा ठिटीहरू सोऱ्हश्राद्धमै दशैंको पूर्वस्मरण गरिरहेका थिए।

एक ठिटी भन्न लागेकी थिई, "दशैंमा ता चम्पानानीको बिहा बाबै !"

आर्कीले उत्तर दिई, "अँ ? हो ! ...दशैंमा बिहे गर्छ कोही ?"

तेस्रीले भनी, "त्यस्तो कुरा गरे हामी यहाँ खेल्दै नखेल्ने ! बुबालाई बिन्ती चढाएर पीङ काट्न नलाईकन, पख कच्चरीहरूहो !"

रामकान्तले पर्खालको प्वालबाट चियाएर हेरे। ती तेस्री केटी उनी- तरफ सामुमा फर्केकी थिइन्। तिनको नाम चम्पा रहेछ।

रामकान्तले आँखाले परीक्षा गर्दै मनमनै भन– 'चिनियाँ कदकी भन्न त अलि सुहाउँदैन, बा ! यिनी जरुर बढालु छन्। अग्ली गोरीमाको भेनेशियन सुन्दरी ! ... यो ककेसियन टाइपकी। म चाहन्छु आफूजस्ती

च्यान्टी। पहेँली यति छेपाराले चुसेजस्ती होइन। मसलाको बोटको जङ्घा होइन। राम्री त निक्कै राम्री हुन्। आँखा अलिकति टेडो रहेछ। नाक बिलकुल आर्य भन्न सकिन्न। नेपाली आवहवा। तर खाने मुख ता खूब हिस्सीलाग्दो हो। केश पनि आर्यदृष्टिले ता उत्तम। मेरो च्यान्टा आदर्श भए त खासा हो, हुने हो तर मलाई डर लाग्छ यिनी हलक्क बढ्नेछिन्। अनि भऱ्याङको उखान पऱ्यो भने। रत्यौलीमा खियौटे पोइ भनेर खिसीमा जानुपर्नेछ। म उनको कानसम्म पुग्ने भएँ भने या काँधसम्म ! मजा हुन्न बा ! टिमिक्क च्यान्टा। त्यस्तो भयो वेखतरा बा ! मलाई डर लाग्छ यिनी हलक्क अग्लिन्छिन्। मलको मूलाजस्तो के गर्नु ! .... चिनियाँचम्पा खिल्दो मुसमुसे अच्छा ! बेस रहिछन् तर विचारणीय।'

यस्ता विचारका साथमा उनी हेरिरहेकै थिए। चम्पाको आँखाले पर्खालको प्वालमा दुई आँखा देख्यो। उनी चाल मारेर एकातिर पसिन् र एउटा ढोड लिएर चट्ट बदमाशीसँग प्वालमा घोचिदिइन्। बल्लतल्ल रामकान्त आफ्नो आँखा बचाएर त्यस ठाउँबाट भागे। ठिटाहरू (अक्सर नेपालमा) विचार गर्दछन् कि सर्वोत्तम कन्या पाउनु उनीहरूको व्यक्तिगत अधिकार हो। नवयुवकको व्यक्तित्वमा सबभन्दा प्रधान गुण हुन्छ आत्मप्रशंसा। नार्सिसस् सबमा जागा रहन्छन्। अक्सर ठिटाहरू आफ्नो अदब, संस्कार, शिक्षा, भविष्य, उपार्जनको सामर्थ्यउपर ज्यादा जोड दिँदैनन् आफ्नो असौन्दर्य त उनीहरूबाट बिलकुल छिपिरहन्छ। पोशाक, नौजवानी, ढाँचाकाँचा, चश्मा, कोट इत्यादिद्वारा उनीहरू आफ्नो व्यक्तित्व बनाउँछन् र त्यसैलाई व्यक्तित्व भनेर पालन गर्दछन्।

यसरी रामकान्तलाई थाहा थिएन कि कन्या उनीभन्दा धेरै गुनामा लायक थिइन्, उनीभन्दा धेरै गुना असल व्यक्तित्वका निमित्त, तर उनले चम्पालाई आफूयोग्य हुनुभन्दा कति मात्र तल-माथि परेकी होलिन् भनेर ग्राम्यताको समस्या हल गर्नको चिन्तामा घरतिर कदम फर्काइरहेका थिए।

सुवासिनी मान्छेका जोडजिद्दीले चम्पा र रामकान्तको विहा भयो। दुलही बिहाको दिन खूब रोइन्। भात खाइनन्। घरमा पनि भोलिपल्ट बिहानसम्म सुँक्कसुँक्क गरिरहेकै देखिन्थिन्। जब दुलाहाबाजे

रामकान्त पोशाक उतारेर भान्साघरतर्फ रवाना भएका थिए, दुलहीले आफ्नो दुलाहाको शारीरिक सौन्दर्यको भेद पत्ता लगाइन्। 'छाती' उनले विचार गरिन्, 'डमरुको छालाजस्तो सुक्या' रहेछ। परेवा छाती रे त्यस्तो बाङ्गेको हाड उठेको... हाम्रो बुवाले भन्नुहुन्थ्यो। आँगभरि छि के विधि डन्डीफोर होला... सब पाक्या' छ, कस्तो फोहरी मान्छे होला छि... गालामा के त्यति लामो खुकुरीले काट्या' जस्तो अथवा भालुले चिथोर्‍या' जस्तो !... च्यान्टा घोडा भनेर जस्तो गिज्याएको हो !... नामै च्यान्टी भइसक्यो आर्का' ! कति सानो मान्छे होला ? चिमिरे ! भँगेराजस्तो... काखी गन्हाएर वाक्क आइरहेछ अफ्र !' दुलहीले बान्ता गरेकी थिइन् त्यस बिहान। दुलहादुलहीलाई एकै ओछ्यानमा त्यस रात सुताइदिएका नन्द, आमाजूले। रातभरि दुलहीलाई निद्रा लागेन। शरीरको गन्ध कुनै मान्छेको, बाफै तातो नै कस्तो-कस्तो पेट उमठ्लाजस्तो... दुलहीलाई घनघोर घीन लाग्यो।

जप, मन्त्र, पवित्र बन्धन, लगनगाँठो वैदिक भए पनि हृदय वैदिक हुनुपर्छ भन्ने ब्राह्मण, गुरुज्यू, पुरोहितको भूल थियो–सफेद भूल !

चम्पा चाहन्थिन् केही आर्कै पर्न गयो केही आर्कै। स्वीकारले कसैको व्यक्तित्व बन्दछ, कसैको बाङ्गिन्छ। चम्पाको सपना चकनाचूर भयो। कहाँ सिनेमा स्टार हुने भावना, कहाँ यो भङ्केरेदेव ! बालकै भए पनि राम्रा मिठा सपना बराबर उनलाई आउँथे। उनले आफ्नो जेलजीवनको पहिलो अनुहार देखिन्। उनलाई घृणा लाग्यो पहिलो बार पाउको पानी पिउँदा, दोस्रोपालि बान्ता भयो। तब दुलान फर्काउनु सोह्र दिनको भेटघाट। .... सासू अहिलेसम्म बेसै थिइन्। भोलि-पर्सि ह्वाङ्ग्राङ्ग खाइदिने पो हुन् कि।... जेठी ज्येठानी कत्री ढोई ! के विघ्न घम्मरधुस... शुद्ध कँठेनी... कस्ती मापाकी। कस्ती बालँघी ए ! तर माहिली ज्येठानी कस्ती सुकुटी फेरि ! बिहा गरेको पन्ध्र दिन भा' छैन माइतमा कुरा गरिसकेकी ... ए ! आँखा डेढो रहेछ रे आकाश-पाताल देउरानी रे ... मासुमा नुन चर्को कलबिख रे ..., ज्येठानीलाई तपाईं भनिन रे ! कस्तो ठाडो बोली रे ... हजूर भन्न जान्या' रहेनछ रे. घर त कुरौटे, विघ्न

कुरौटे रहेछ बा... लोग्नेले पनि के नाउँ राख्या' होला त्यस्तो कीचक रे ! कीचक ता कोही सुवासिनीको नाउँ नराखोस् ए दुनियाँमा ! म कीचकजस्ती छु त ?'

चम्पाले पुरोहितबाजेसँग सोधिन् माइतमा, "होइन पुरेतबाजे ! कीचक भन्या' के हँ ?"

पुरोहितबाजेले सम्झाएका थिए कीचक भन्या' एउटा भीमसेनले घन्टयाएको कामी, एक हावामा आफैँ बज्ने बाँस, 'तर कीचक कति नराम्रो नाम। के नाम राख्या' होला। ... म अग्ली छु भनेर बाँसजस्तो भन्या' होला अब।

ज्यादा च्यान्टा घोडाजस्तो भए मन पर्दी हुँला !'

यसरी १२ बाट १३ वर्षमा प्रवेश गर्दा चम्पा दुलहीको हृदयमा त्यस व्यक्तित्वदेखि विरोधका लहरीहरू उछालिन लागे, जुन व्यक्तित्वले उनको छनाइको क्षेत्रबाट बाहिर रहेर उनलाई गाँजेको थियो। 'अति चुरोट, तमाखु खानुपर्ने, जुँघाको कथा हाल्नुजस्तो ... कति नराम्रो कैलो भुवा जुँघाको नाममा ... असल-असल मगरका नास्ति जुँघा न दारी।

अलि मगर छाँटको ... थेप्चो नाक पनि ... तलतिर फेरि पुट्ट पऱ्या' ... मेरो हातले नाप्यो भने पनि तीन हात पुग्दैनन् जरुर। ठाँट पार्नुपऱ्या' के विघ्न नि ! लुगा छोडायो कि भँगेरा भुत्ल्याएजस्तो' इत्यादि।

माइतमा पछि बज्यै अलि चुकचुकाइन्। "चम्पू !" उनले गाला मुसारिन्।

"अलिकति तिमी सुहाउँदो भएन हकि बा ! ... अब तिम्रो भाग्य यस्तै रहेछ। धन, पैसा, इज्जत, मान, सन्तान हो भाग्य भनेको।"

चम्पाको हृदयमा आफ्नो स्वामीतर्फको न्यूनताको भाव समर्थित भयो। उनलाई बराबर गाली गरेको, हियाएको वचनले रिस उठ्दथ्यो। तर उनको व्यक्तित्वमा यौनभावका चक्रहरू स्पष्टतासँग काम गर्न लागिसकेका थिएनन्।

दुलहादुलहीलाई आमाबाबुले अलग राखे यस निमित्त कि रामकान्तको पढाइ बाँकी थियो तथा दुलहीको उमेर पुगेको थिएन।

रामकान्त खूब पढ्न लागिरहेका थिए, रातरातभर। पहिला हुने उनको सुर थियो। प्रवेशिकाको परीक्षाका लागि विशारदसम्मका सब चीज उनी तयार गर्न लागेका थिए। दोस्रो मनुष्य आफूउपर नहोस् भन्ने भावना राजा, मन्त्रीमा मात्र हुँदैन, यो परीक्षाको संसारमा पनि विद्यार्थीवर्गमा पाइन्छ। प्रथम हुनुमा एक साम्राज्यको भावना सिद्ध हुन्थ्यो। रूपमा उनी पछाडि परेका थिए। भ्यागुतोजत्तिकै बौद्धिक सौन्दर्यको प्रतियोगिता थियो शिक्षाका केन्द्रहरूमा। यसलाई ग्रीकहरूले पूजा गरेका थिए। आफ्नी सरस्वती काँचै थिइन् तापनि जुपिटर सम्राट्को ज्वालामुख साम्राज्य एक भारी विलास हुन्छ जस्तो नराम्रा पण्डितहरू राजसभामा काम गर्दछन्। उनलाई गौरीशङ्करको मोहनी लाग्यो। यस सङ्ग्राममा म भिक्टोरिया क्रस प्राप्त गर्छु। यस कुभावनामा परेका धेरै फोक्सा बिग्रे, धेरै कलेजा सुके। क्षयको कीटाणु मनुष्यभन्दा चङ्ख हुन्छ त्यस बेला जब मनुष्यले बुद्धू हुने काम गर्छ।

कीटाणुले भन्यो, 'को घाममा कम बस्छ ! को हावामा ज्यादा निस्कँदैन, यो शारदीय निर्मल समयमा, हँ ?' साना सर्पजस्ता काला सूक्ष्मवीक्षण यन्त्रका अल्पजीवहरू जीवनको प्रतियोगितामा पहिला हुँला भन्ने आशाले हावा-धूलोमा घुम्दै आए।

बस, बिहा गरेको डेढ वर्ष हुनासाथ रामकान्त अधिकारीलाई डाक्टरले कालको वारेन्ट दियो... 'दुवै फोक्सा प्रभावित, भक्षित। भयङ्कर धव्वाहरू... आयु चार महिना ... राम्रो औषधि व्यवहार नभए।'

रामकान्तले किताबहरू सल्काए। सब मास्टर, प्रोफेसरलाई भयानक गाली दिए। 'के यिनीहरूले हामीलाई पहिला हुन प्रेरणा दिएको यतिका निमित्त ? ग्रेजुयट भएका कति जीवनमा फेल खाइरहेछन्। बी.ए.मा विश्वास गराउनु के एक भयङ्कर धोखाबाजी होइन ? किन स्पष्ट भन्न सक्तैनन् तिनीहरू बढ्दो फुल्दो नयाँ पुस्तान नौजवानअगाडि हामीहरू बिलकुल महामूर्ख हौँ। लवज बेचेर खाने हाम्रो यो चलाकी हो। हाम्रो पठनकलामा विज्ञान छैन। हामी जीवन विकासक होइनौँ। हामी उदरपूरक हौँ। हामी पाश्चात्य सभ्यताले युवक भाँडेर खान्छौँ, पछि गुरु तथा तानाशाहका पन्जाबाट आत्मसंस्कार र

संशोधन गर्नाका लागि हाम्रो मोलतोल ठीक छैन । हाम्रो अङ्ग्रेजी विलायतमा बिक्तैन । हामीले दिएको व्याख्यान सुने लन्डन हाँस्नेछ । हामी वमनवेदान्ती हौं । हामी अक्षरकीट हौं । शोपेनहारसाहेबले मात्र शिक्षकवर्ग– हामीलाई चिनेका छन् । हा ! म मूर्ख बङ्गाली विद्वत्ता र नेपाली बोक्रे प्रतियोगितामा बिग्रन गएँ ! म कस्तो मूर्ख !'

उनको संसारले उलटपुलट खायो । उनले चम्पालाई बोलाएर भने, "प्यारी कीचक ! मेरो इतिश्री भयो । म बिग्रें । आयु चार महिना छ । तिम्रो जीवन स्वाहा । व्यक्तित्व भए म मरेपछि पुनर्विवाह गरे । तिमी पढ । तिमीलाई पढ्न र बुझ्न व्यक्तित्व हासिल गर्नाको जरुरत छ । तिमीलाई म भुल्छु । तिमीसँग मेरो विवाहै भएको थिएन । म तिमीलाई प्रेमको आँखाले हेर्दिनँ । मलाई टी.बी. लाग्यो । धर्मले त्यो टी.बी. तिमीलाई सल्काउन खोज्दछ, चम्पा ! तिमी सक्छयौ, चाहन्छयौ भने पर सर । आजदेखि तिमी मबाट आजाद भयौ ।"

चम्पाले जानिनन् किन तर उनी रोइन् बरु तीव्र सहानुभूतिले साथीसँग छुट्टिने बेलामा रोएझैँ ।

प्रेमको प्रारम्भ भएको थिएन । केवल लोग्ने, पोइ या स्वामी भन्ने नामानुसार उनमा मान्नुपर्ने भन्ने भावनासम्म रहेको थियो तर त्यो आँसुदार, जल्दो, जाग्दो, वियोगज्वलित भाव, त्यो मधुर आनन्दको स्पन्दन, जो विकसित यौवनको सुगन्धको पल्कन हुन्छ – त्यो थिएन । न साधारण तवरले यस्तो चीज कुनै घरमा – कुनै सुवासिनी लोग्नेको विवाहित जीवनमा– पूर्वीय देशमा अक्सर प्राप्य छ । विवाहलाई प्रेमको अन्त भन्ने पश्चिममा भनाइ त छँदैछ, तर प्रेमको शुरु नै नहुनु खास पूर्वीयता हो ।

रामकान्तले पुस्तक जलाएर जपमाला लिए । उनी शान्त, मौन रहन्थे । डाक्टर आउँथे, जान्थे हेर्ने-विचार्नेहरू । आमाका आँखा हरहमेसा भिज्दथे, दिदीवहिनीका पनि । तर रामकान्तले सारा पुरुष, स्त्री, घरबार, वस्तुलाई परदेशी ठहऱ्याए । अब उनको आत्मा ईश्वरचिन्तनमा अविघ्न तवरले मग्न हुन चाहन्थ्यो । चम्पाले निकट वैधव्यको सपना

देखिन् । उनलाई भयङ्कर विचारहरूले घचघच्याउन लागे । मौन वेदना आफैँसँग एकलासमा बोल्न थाल्यो । उनलाई डर लाग्दथ्यो, के होला ?... एक किसिमको अस्पष्ट डर । वैधव्य ? ... चुरापोते नभएको । शृङ्गारहीन, कालो धागोले सजिएको पाउडरहीन, पहेँलो गोधूलि मुहार वैधव्य सेतो चन्दन र जपमाला लिएको वैधव्य ! जीवनमा उनलाई शृङ्गारहीनताको खतराभन्दा ठूलो अर्को खतरा जँच्तैनथ्यो ।

चम्पालाई बराबर केके उकुसमुकुस भएझैं हुन्थ्यो । उनी बराबर मुठी बाटेर बटारिन्थिन् । अनि भुल्थिन् सब कुरा । अनि गीता पाठ गर्थिन् । अनि फेरि बगैँचामा गएर पक्क परेर हेरिरहन्थिन् भँवरा र फूललाई । उनको कमलकोमल मांसपुष्पबाट अझ अदूषित कुमारी सुगन्ध बहिरहेको थियो । शायद यो च्याखुराहरूको जुनेली चेतले बुझ्न सक्तथ्यो ! यस बेला, यस वैँसमा भँवरा मीठो हुन्छ ! कानमा मधुर प्रशंसा, त्यो थिएन । कोही तिमी यति राम्री छयौ भनेर कानेखुसी गर्नेसम्म पनि थिएनन् । स्वामीजी टोखामा भर्ना भएका थिए । चम्पा केही वस्तुको अभावले छटपटाउँथिन् पनि । केही चीजको भावले सशङ्क पनि । उनको कसुरविना केही चीजसँग गाँसिएर उनको जीवनलाई पनि टी.बी. लागेको थियो ।

चम्पाले सोचिन्– 'के मेरो जीवनको सौगात यत्ति हो ? यो रूप, यो रङ्ग, यो निराशा ?' स्वामीले बिदाइमा दिएको वचनउपर उनले गौड गरिन्– 'आजाद भयौ !... आजादी भन्या' के होला ?' ...उनले एउटा केटाकेटीद्वारा मास्टरसँग सोध्न पठाइन् । उसले माने बताइदियो– 'स्वतन्त्रता' । स्वतन्त्रताको पूरा अर्थ चम्पालाई थाहा थिएन, जस्तो धेरै स्वतन्त्रताको नारा लगाउने मनुष्यहरूलाई पनि ।

उनले बुझिन् स्वामीजीले उनलाई अमलेख गरिदिएका रहेछन् तर यो अमलेखीको माने चन्द्रशासनमा कमाराकमारीलाई थाहा नभएझैं उनलाई पनि राम्ररी थाहा भएन । यो ज्यादा अस्पष्ट चीज थियो –अग्राह्य ।

चम्पाले भनिन्, 'चित्त दुखेर भन्या' होला !'

त्यस दिन सिनेमा जाने प्रोग्राम थियो । चम्पालाई सिनेमा हेर्न झन् झन् रहर लाग्यो । माइतीबाट प्रशस्त पैसा पाउँथिन् ।

उनी बराबर सिनेमा जाने बन्दोवस्त गर्न लागिन्। साथीसँगी भेट्टाइने, प्रेमलीलाहरू राम्रा देखिन्थे। तिनको अभावमा रातभरि तकिया भिजाउँथिन्। श्रीकृष्णको तस्वीर काखी च्याप्तथिन्, रुन्थिन्। तर उनलाई फेरिफेरि सिनेमातिरै जान मन लाग्दथ्यो। फिल्मस्टार हुने वासना अभिनेत्री तारकाहरूको सौभाग्यमा मस्त हुन्थ्यो– कमसेकम तिनीहरू उच्च प्रेमको अभिनयसम्म त गर्न पाउँथे। त्यो नाटकीय चित्रणमा यथार्थको रमरम आश्वासन त मिल्दथ्यो। बैंसालु कल्पना बरावर उत्तेजना र पोषण पाउँथ्यो।

यस्तै रीतसँग २-३ महिना बित्तै गए। बराबर मोटर भाडा लिएर टोखा जान्थिन्। रामकान्त बडा साँढ देखिन लागेका थिए। टाउको पनि घ्वाँक, गाला यामान, शरीरै डब्बल। तर रूप ता उही बँदिलको, गैँडाको जस्तो थियो। कुभिन्डो चौडा भएजस्तो, बोसो मात्र बढेको। उनलाई त्यस्तो नै देखेर चम्पालाई अलिकति सास आउँथ्यो शायद बाँच्छन् कि ? तर उनलाई यस चीजले अत्यानन्दित गरायो भन्न सकिन्न। उनी जीवनको चिप्लो अवाधित गति होला भनेर अलिकति प्रसन्न हुन मात्र खोज्थिन्।

रामकान्तले माला छोडेर हँसी-दिल्लगी, तास, गन्जीफा पक्रेका थिए। थोरै पढ्न पनि दिइएको थियो। दुलहीको चढ्दो उमेर र रूप उनका नजरले सिफारिश गरे। तर उनी त्यस बैंसको मोहनीदेखि त्रस्त भएर मनमन रोए।

# अध्याय ३

चम्पालाई ठाँट, सिँगार खूब पारिरहनुपर्दथ्यो। उनी फिल्मका गाना पनि बराबर ऐनाअगाडि गुनगुनाइरहन्थिन्। उनको झकिझकाउपनाउपर सासूबुहारीहरूको बराबर टीकाटिप्पणी भइरहन्थ्यो।

"आँखीभौं सिसाकलमले लेख्या' जस्तो हुन्छ कसैको ता" सासूले टिपिन्।

"छुसछुस कुरा नलाई चित्त बुझ्दैन रे!" जेठी बुहारीले टीका थपिन्।

माहिलीले भनिन्, "आँखीभौं नटिप्ने ता को होला र आजकल?" उनको पनि मसिन्याइएको थियो। चट्ट दराजतिर फर्केर चारकुने खुट्दै उनले थपिन्, "पत्ता मिलाउनसमेत कैंची-छुरा लाग्या' हुन्छ कानमाथि। अनि के विघ्न पाउडर! झिलझिल तारा नलगाई कहिल्यै चित्त बुझ्दैन। रातिराति अरू सुतिसकेपछि पो सिँगार चल्दो रहेछ। हिजो राति जापानी पोशाकमा ऐनाअगाडि मुस्कुराएर बसिरहेकी, फिल्मका गीत हरहमेशा गाइरहनुपर्दछ ... नङमा पालिस, गालामा लाली, जर्जेट दिनभरि छ, छ।"

यस्तैमा कान्छी बुहारीले आफ्नो कुराको सुइँको पाएर मतानमा पलेँटापछाडि कान थापिन्।

"चौपट्ट ढाँचा है नेपालेका छोरीका त!" पोखऱ्यालपुत्रीले टिप्पणी गरिन्।

माहिली बुहारीले भनिन्, "जुन गोरुको सिङै छैन उसको नाम तीखे।" यो सुनेर कान्छीको कन्सिरी तात्यो। उनी रिसले मुर्मुरिएर उभिइन्। ओठ टोकिन्। लालीमाथि लाल भइन्।

"ज्यादा उत्ताउलो भा' बेस होइन मान्छेले!" माहिली चुनुले तेल थपिन्, "कृष्णको तस्वीर लिएर छाती लगाएर, म्वाइँ खाएर उधुम छ।" सासूले एकैछिन केही नबोलीकन कुरा मात्र सुनिरहिन्। माहिलीले फेरि थपिन्, "कान्छाबाबूको त्यो हालत छ। लोग्ने घरमा सद्दे भए कसैले केही भन्ने थिएन। तर..."

यसपछि ठस्केभन्दै कसैलाई नहेरेभन्दै चम्पा सासूको कोठाभित्र पसिन्। सासूको दर्शन गरेर एक कुनामा बसेर अलग्ग चारकुने गाँस्न थालिन्। बराबर पात जोडसँग च्यात्तथिन् रिसले। पाखुरा जर्किन्थे।

तब सासूले मुख फोरिन्, "ए, क्या हो तेरो चाला आजकल ? के भन्ला ए दुनियाँले पनि ?...अवस्था हेरेर पो चल्नुपर्छ... कान्छो टोखामा पुग्या' छ। तँ कस्बीसमान ठाँटिएर यसरी बस्ने ? कतिको फा, कतिको लाली तिमीहरूको ! आँखीभौंको गति हेर। फूलचनले खौर्‍या' जस्तो छ ए !"

चम्पाले दुई ज्येठानीको मुखमा आगोले हेरिन्। भौं गाँठिन्। आँखाले झपारेर जुरुक्क उठिन्।

"कँठेनीहरूले सभ्य शृङ्गार देख्या' भे' पो त कहिल्यै !"

सासू उफ्रिन्, "जान पाउन्नस् बाहिर... बस् !...कल्लाई... कँठेनी भन्या' ए शहरिया ?"

"छन् नि कोही-कोही यहाँ।" पहिलो नजर पोखर्‍यालपुत्रीतर्फ दिएर, दोस्रो आँखा सरदारपुत्रीतर्फ।

"त्यसरी आफूभन्दा ज्येठा मान्नेलाई बोल्न हुन्छ ? चुप लाग्। कसूर तेरै हो।"

"लुगा लगाउनु पनि अपराध रहेछ अब !"

"समयले पो हुन्छ सबै कुरा।"

"आफ्नो समयमा को कम छन् र ह्याँ ?"

"तँ तात्तिरहिछस् चाँडो। तात्ने पोखिन्छ बुझिस्, अलि ओठ सेला।
कामकाजमा पटक्क चित्त छैन ल। त्यसो गर्न हुन्छ ?"

"साग नकेला' छैन। कूचो नबढार्‍या' छैन। बिछ्यौना तह नला' छैन।"

"अँ !.... भर्‍याङ तलमाथि पनि नगर्‍या' छैन भन्न।"

चम्पाले चारकुने चटक्क छोडेर बाहिर निस्किन्।

"हेर, रिसाही !" सासूले देखाइन्, "फन्क्या' हेरन। पख, यसको मेख मार्नुपर्‍या' छ एक दिन।"

यसको पर्सिपल्ट टोखाबाट रामकान्त घर फर्के... रामकान्तलाई सिन्दुरे जात्रा गरेर घर भित्र्याए। ठूलो भाग्यले छोरो बाँच्यो भन्ने ठूलो हर्ष भयो। भोलिपल्ट खसी ढल्यो। डाक्टरले अब मासु, माछा सारा फुकाइदिएको थियो तर सुवासिनीदेखि परहेज राख्ने कुरामा जोड दिएको थियो।

रामकान्त गजबसँग मोटाएका थिए। खूब लाललाल गाला हालेका थिए। टाउको डब्बल देखिन्थ्यो। मान्छेको चोला नै फेरिएको थियो। अब सबको मुटु ढुक्क थियो – रामकान्त बाँच्यो।

एक हप्ताबाट रामकान्त साथीभाइकहाँ जानु, डुलडाल गर्नु, हस्सीठट्टामा भाग लिनु सब चीज गर्न लागे।

बराबर चम्पा कोठाभित्र पस्दथिन्। एक कोठा दिइएको थिएन तापनि उनलाई बराबर आउने-जाने कुरामा ज्यादा रोकावट राखिएको थिएन। यस आवतजावतमा खतरा जरुर थियो। आमाचाहिँनीका आँखा देख्थे। तर उनले च्वाट्ट मुख फोर्न सकिनन्– छोराको डरले। बुहारी चम्पालाई होशियारी मात्र दिएकी थिइन् – त्यस्तै छोरालाई पनि तर रामकान्त आफैँ बराबर काम अऱ्हाउन बोलाउँथे।

विवाहको जखडबन्धले बाँधिएको प्रफुल्ल बैंस आत्मप्रकाशनको अभावमा आफ्नो चुत्थो उपायतिर पनि बराबर लहसिन खोज्दथ्यो। प्रेमविनाको पतिलाई नाटकीय नमूना बनाएर सिनेमा खेल्न चाहन्थ्यो। फिल्मस्टारको चरित्रको प्रारम्भतर्फ अग्रसर थियो। ऋषिमुनि मशीहाले 'ह्या' भनिदिँदा लाखौं प्रकृतिका स्वाभाविक गतिहरू रुद्ध भएर स्वाभाविक प्रकाशनदेखि खुम्चिन्छन्। प्रेमदेखि डराउँछन् र विवाहित जीवनको पतिपत्नीसम्बन्धी आखिरी नाटकीय आश्रयको मात्र आधार लिन्छन्। तर पतिपत्नीको घरेलु प्रेमलीला अभिनय मात्र हो, यथार्थ प्रेमको जीवन होइन। यसभन्दा सजिलो फिल्मस्टारी आकाङ्क्षाको पूर्ति हम्मेसी पाइँदैन। यसकारण विवाहिताहरू लोग्नेसँग प्रेमको नाटकीय रङ्ग पाएर सन्तोष लिने कोशिश गर्छन्।

वसन्त ऋतुको समयमा एक दिन रामकान्तले चम्पासँग भने, "कीचक ! तिमी यस्तो हलक्क बढौलीजस्तो लाग्या' थिएन मलाई। के विघ्न सप्रेकी ! हाम्रो घरको खाना त, पहाडिया भए पनि, हँ ?"

चम्पा, "कीचक किन मर्जी भा' होला ? राम्रो नाम पनि नभा'

जस्तो !"

"कीचक भन्या' बुझिनौ ? बाँस। कृष्णजीको मुरलीजस्तो सम्झ न। किन नराम्रो ? गालीजस्तो नाम राख्नुपर्छ रे। असल हुन्छ रे। एक जनाकी सुवासिनीको नाम बोक्सी, विचार गर न। गालीजस्तो। ज्यादा टुना लगाई भनेर सौन्दर्यको पनि त रक्ष आयो ?"

"के नाम राख्या' होलान् छि ?.... नेप्टी रे, चेप्टी रे, आलु, रे, ग्वाङ्रे रे, डेब्री रे, डयौढी रे, .... नेपालमा सुवासिनी मान्छेलाई चौपट्ट हेलाँ गर्छन् बा ! कदर गर्ने ता कालो भए पनि देशी मधिसे नै हो कि अङ्ग्रेज।"

"जी हाँ ! त्यतिविधि रिसाएकी ? हार भनूँ त आजदेखि ?"

"नाईं।"

"के विघ्न बढेकी तिमी। म च्यान्टी चाहन्थें, तिमी अरबी आइलाग्यौ।"

"के गरेर घट्ने होला खै ?"

"कोलमा हाल्नुपऱ्यो... हुन्न ?" दुवै जना मुसुमुसु हाँस्न लागे। लवजको मीठो कुतकुती बैंसमा रमाइलो हुन्छ।

"मलाई सुवासिनी निषेध छ, के गर्ने ? ... चम्पा !"

"केही पनि नगर्ने।..."

"अङ्ग्रेजी युवकयुवती अभ्यर्थना गर्छन्। जीवनको वासन्ती समयमा मीठो सुगन्धको मुसुमुसु हुन्छ। मजाको होइन। ...के मैले तिमीलाई कहिल्यै कानेखुसी गरें कि तिमी जूनभन्दा राम्री छयौ !"

"पर्दैन ब्यारे। म त राम्री छैनँ।"

"पत्याउँछ दुनियाँ ? वाह... भोटेनी पालिस लाए मात्र नराम्रो हुन ता ! नेपाली मन्त्रीले मेरो पावर छैन भन्या' जस्तो। फटाही !"

"उस्... कति राम्रा चीज देखिसक्या' आँखाले।"

"म। एडस्डेमोना !... तिमीले ता बितायौ बा।... म ? मनजोगी। आजकाल पो जपमाला छोडें।"

"माफ पाऊँ न ! हाम्ले के भन्या' छ र त्यस्तो नराम्रो !"

"ए बिजुली ! म त तिम्रो नाम बिजली राख्छु आजदेखि, हुन्छ ?"

"हवस् ··· इच्छा···"

"कति राम्रो हलुवावेद ... !"

ढोका कर्के थियो। आमाचाहिँनी भऱ्याङ उक्लिन लागेकी थिइन्। रामकान्तले नवयौवना सुन्दरीको कपालको लाली के रहेछ भनेर पहिलोबार छामे।

"हत्!... फटाहा !" चम्पाले गाली गरिन्, "कस्तो मनजोगी, उस्! उस् स्स स्स !"

आधा कपाल फुलेकी रमादेवी हातमा पुरानो अचारको सिसी लिएर ढोका उघारेर खडा भइन्।

"बाबू ! कस्तो छ तँलाई आजकल ?"

"बेसै, आमा ! बिलकुल पहलमान।"

"त्यस्तो भएर मात्र हुन्न, एक-दुई वर्ष हेर्नुपर्छ रे। फर्कन्छ रे। सुवासिनी बार्नैपर्छ बाबू तैँले। धोखामा पर्लास्। अब यो चम्पेलाई कोठा बन्द– आजदेखि। हरहमेसा कोठामा पसिरहन हुन्छ ? लोग्नेलाई त्यस्तो छ भनेपछि ! मार्लिस् तेरो लोग्नेलाई, थाहा छ ?"

"कस्तो साह्रित पऱ्या' !"

"चम्पू ! ल आइज अचार पार्नु छ।"

"हवस् !"

चम्पाको गाला वसन्तपुर भयो।

उनको जीवनको प्रथम पौरुष स्पर्श किसलयकपोलमा पाएर उनलाई अनौठो, असजिलो लागेको थियो। उनले फिल्मको अशोककुमार नायकको आर्यचेहराको प्रेम, ज्वलन्त मिठाससँगको एकलासी अधरमिलन या उरमिलन कल्पना गरेकी थिइन्। त्यस कक्षाबाट, त्यस आदर्शबाट खस्के पनि अनुभवमा औपन्यासिकता थियो। तर उनको आत्माले 'कस्तो कुसमयमा आर्कालाई छुन आ' होला ! मैले बिरालो आयो भन्या' पनि नसुनेर। रहिछन् उनै घोरमुखा। देखिन् कि ?'

चम्पाले सासूतर्फ अहिलेदेखि नै वैमनस्य विकास गर्न लागेकी थिइन् तर उति खराब, तीव्र होइन। मनमन उनले सासूको नाम दिएको थियो –घोरमुखा।

"बस न!"

"अँ, मार्दैनन् आर्कालाई !"

"कसले मार्ने ?"

"कुन्नि त । खुर्सानीको हातले गाला मुसारिछु भन्छु। माथि ज्येठानी-देवरानीहरूको आँखा त्यस्तो सियोजस्तो छ।"

चम्पा गएर ऐनामा गालाको परीक्षा गर्न लागिन्, के लाग्या' छ र!

"के ? के ? ओहो! छुँदैमा हातको छाप लाग्छ त!"

"क्या हो। क्या हो।"

"छि" उनले भनिन्, "कसरी माथि जाने! थाहा पाउँदैनन् ?"

"के आम्मै ... के छ र ? तिम्रो गालामा भन्या' ? अचम्म!"

"भो बा! म त फेरि हजूरकहाँ फर्केर नआउने बा! डर लाग्यो !"

चम्पा निस्किन् ...

त्यस दिन माथि घरमा ज्येठानीका आँखा हाँसोले क्रूर देखिन्थे। सासू बूढीले बताइसकेकी थिइन्।

"तरुणाहरूको आर्कै रङ्ग, आर्कै रोशन।" चुनुले खिसी गरिन्।

"म भा' भे त तिमी मोरीलाई काँचै मासु खाइदिने।" बुलु बोलिन्।

"यसो कोठामा बराबर जाने गर्नू, पाउ दाब्नू। कस्ती लाटी!"

चम्पालाई असह्य भयो। उनी आँखा तरेर भान्साकोठाबाट तल ओर्लिन्। 'घर भन्ने कस्तो बिकम्मा जेल हुन्छ। अर्काको मानो खानु, त्यो पनि काम गरिन भनेर सासू, ज्येठानी, बाहुनीको षड्यन्त्रले गर्दा बराबर पेटपुग्दो भाग पनि नरहने– बराबर। आफूलाई भनेर दिएको कोठा। त्यही एउटा कोठामा पनि पस्न नहुने। वचनका कोर्रा खानु उस्तै। खिसिटेप्ली उस्तै। कैदीहरू सडक पेल्छन्, बुहारीहरू मस्यौटो। ढिक्कीमा समेत जा रे। मुसलले हात खाइदियो भने, ढुँडो भयो भने, अनि मुछिन्छ दुटोमा सेताम्य भएर केही। वसुन्धरीले पाउडर ला' जस्तो एउटा रमाइलो गरूँ भने छैन। के जीवन होला ोपालीहरूको दालभात गुदगुद, कूचो, मस्यौटो, ढिक्की, जाँतो। वल भान्साको क्षेत्रमा। कसौंडी, ताप्केसिवाय साथीको नाममा बन्द।

जोडाजोडी मिलेर कति टुँडिखेल डुल्न जान्छन्, आफ्नो त्यति पनि छैन कोठाभित्र पसी रे। किन नपस्नु त कोठामा ?

बिनसित्तिको बुहार्तन ! पहाडिया सासू ता नपरोस् छि: कसैलाई। के जखडबन्धी ! फलामे बोलीले बैँसको आड कस्ने सान्है ! धोती चुन्न, दोलाइँ पट्ट्याउन, कूचो लाउन, टेबिल सज्न, सम्याउन पनि कोठाभित्र नपस्नू रे ! पुग्ने कुरा हो ? हामीले के गरिदिएको छ र ? छोरालाई पक्रन गा' छैन क्यारे उनको ?' यस्तै गरी मनमनै भुतभुताउँदै चम्पाले डाली लिएर बगैंचामा प्रशस्त समय विताइन्। साँझ परेपछि भित्र पसिन्। फूलका राम्रा थुँगाहरू चुनेर आफ्नो केश सिँगारेकी थिइन्। डालाभरि रङ्गी-विरङ्गी फूलहरू थिए। रामकान्त हावा खान बाहिर निस्केका थिए। त्यसै बेलामा उनी मौका पाएर ऐनाअगाडि मेचमा बसेर गालामा फा थप्न लागिन्। केश सम्याएर फूलका गुच्छाहरू कलात्मक तवरले घुसार्दै आफ्नो मनमोहन स्वरूपको बैँसालु सौन्दर्यको टुना हेरेर रद्द परिन्। ऐनाअगाडि उनलाई यस्तो लाग्यो कि उनी स्वर्गबाट झरेकी अप्सरामध्ये एक जरुर हुन्। एकताका बैँसको मीठो रूपौली मुहार, त्यसउपर काँचको रङ्गिलो बिजुली रोशनीमा प्रतिविम्ब फूलजडी रङ्गीन भित्ताको पृष्ठभूमि र फूलको वासन्तिक जडान र सूचना उनले हेलेन र द्रौपदीको कथा सम्झिन्। उनको मनमनमा एक विचित्र भाव आयो। 'चोरिनु पनि निक्कै मजाको कुरो हो। रावणको चोरी भाव आयो। चोरी सीताको सौन्दर्य एक सिफारिश हो। आजकल दुनियाँमा औपन्यासिकता जरुर कम छ, एक कोठामा थुनिनु, झिँगटीमुनि बस्नु, एक जनाको सम्पत्ति र एकलौटी ठेक्का हुनु। यत्रो दुनियाँमा कति विशाल जीवन होला। जीवनको नाममा हामी के पाउँछौं त ? दाल, भात, डुकु पुगनपुग दासत्व– एक जनाको जुत्ता बन्नु। यो चेहरामा एक चाउरी पऱ्यो, यो केशको एक रौँ फुल्यो, बस, स्वामीजी पनि 'चाउरे बन्दरी' भनेर हँस्सी-दिल्लगी गर्न थाल्दछन्। यस बैँसका औपन्यासिक क्षेत्रमा एक मीठो घटना थिएन। 'म मरिरहेछु तिम्रो निमित्त' भन्ने ज्वलन आगो सल्केको हृदयको आत्मसमर्पण उनले पाएकी थिइनन्।

नेपाली घरमा भाव हुँदैन। भावका तीव्रता दाम्पत्यलाई खैराँते खेल बनाउँछन् सबै। स्वामीजी प्रेमको लीलासमेत गर्न ज़ान्दैनन्। उनको साससमा जलनको मीठो दबेको उच्छ्वास छ न हृदयमा ज्यादा ढुकढुक। चुम्बन पनि मानौँ केटी कुमारीलाई राम्ररी देखेर कामी क्षणको लोलुप चटाइ मात्र न हो ! जस्तो बालकहरू दूधदानीको मुन्टो चाट्छन्। बैंस केवल मरुभूमिको फूल न हो। बास आउँछ। कोही जल्दैन। सौन्दर्यको कदर गर्ने मानवता छानामुनि अक्सर कहाँ पाइन्छ र ? बिहा एक खरिद न हो, आर्काको पन्जामा आत्माको बिक्री। बस श्रृङ्गारका सरजाम र एक भोज। बस, खत्तम। स्त्री आत्माको चाख या प्यासको बलजफ्ती हो। विधिको सुर्काउने। छि: न गान, न नाच, न भावना, हकि हाम्रो नेपाली जीवन ?'

चम्पाको हृदय सपनादार छिटो हृदय थियो जस्तो बैंसमा हरेक स्वस्थ युवतीको हुनुपर्दछ। यस बेलामा जस्तो झनक्क रिस कहिल्यै उठ्दैन। यस बेलामा जस्तो असन्तोष हृदयमा कहिल्यै पैदा हुँदैन। परिस्थिति आफ्नो इच्छाको विरोधी या रोचकदार छ भने जवानीको फुल्दो तेजले उसको हाँकको पूरा जोड अनुभव गर्दछ र आफ्नो आकाङ्क्षाको दिशामा त्यसको विजय गरेर अगाडि बढ्ने तदनुसार विरोधशक्ति हासिल गर्न उद्यमशील बन्दछ।

चम्पालाई आफ्नो स्वरूपको आत्यन्तिक मोहनीले आफ्नो मूर्तिको तवरको पुजारी बनाइदियो। ग्रेसियन भिनस या प्रेमदेवीको शिल्पचित्रमा कसर हुँदो हो; गणितको कलात्मक अभाव उनमा जरुर थिएन। के उनी यति साङ्ग्रा, पातला दिवारकी कैदी बनेर बेमोलको घरबुहारी बन्न मात्र यस विशाल दुनियाँमा आएकी थिइन् त ? यति खैरातें बुहार्तन खान ? यस्तो घोरमुखा सासूको मेथीचम्सुर केलाउन ? उनलाई पतिदेवको विरोध गर्न बडो विचित्र अकथित तथा अस्पष्ट डर लाग्यो। उनलाई सन्तोष ता जरुर थिएन। तर दुनियाँमा बाँधिदिएपछि जोसँग बाँधियो उसैसँग नबाँधिईकन नहुने। चलाइदिएको प्रथा। नाईं भन्न पाइन्न। धर्म-पाप लाग्छ। यताउति विचार गर्नु– त्यो पनि आफ्नै। तर जरुर प्रकृतिले उनलाई

योभन्दा असल चीजको निम्ति कल्पना गरेकी थिइन्।

'नूरजहाँ कति राम्री हुँदी होलिन्! मुमताजमहलको चिउँडो कस्तो हुँदो होला! देविका रानी पनि देखियो। त्यत्ति नै ता हुन् नि! सिनेमामा त कालो या कल्सेँडो मुखमा सेतो रोगन लगाएर लाइट लगाइदिए पनि त खूब सुन्दर हुँदो होला। उनले कमसेकम क्षेत्र पाएकी थिइन्। तर, तर कति धेर कुसुम छन् जो मरुभूमिमा अदृष्ट लाली देखाउन मात्र जन्मेका हुन्छन्। के घर पनि एउटा कैद होइन? बच्चा भएपछि त गलफन्दी लागिहाल्यो। न यता हिल, न उता चल। कैद! जाँतो पिँध जस्तो कैदी ढुङ्गा फोर्छन्। वचनका कोर्रा कम हुन्छन् र? कति काला टीका लगाइमाग्नु छ बाबा! देउरानी, ज्येठानी, सासूबाट? अनि उठ, पूजासामान माझ, खरानीले हात फुटाऊ सके चुलोमा समेत फू फू गर, आँखा पिरो पार, दाउरा सराप (भात खाउनु त्यस्तो बराबर नपरे पनि)। मेथीचम्सुर, गान्टेमूला, काउली, बन्दा। के जीवन यतिभन्दा टाढा जाँदैन? घटनाको अभाव नै नेपाली जीवनको ब्याज हो। भए तमाखु खान्छन् लोग्नेमान्छेहरू ढुम्म बनेर, जबसम्म जुँघामा काई लाग्दैन। नभए फटफटाउँछन्। कावा खान्छन्। बहुला हुन्छन्। यत्रो विशाल नेपालमा मध्यमता नै सिवाय प्रधान गुण नै छैन। मझौलापनाभन्दा अर्को चीज नेपाली नै होइन मानौं। पहाड मात्र ठूला छन्। यहाँ गौरीशङ्कर र धवलागिरि मात्र यहाँ विशेष र प्रधान छन् अरू नामका मात्र। यहाँका विद्वान्, अँडिरका रूख। यहाँका वैज्ञानिक भुसुना। यहाँका कला न खराब न असल। देश पनि न ठूलो न सानो। एक चीज जसमा नेपालको र नेपालीको विशेषता छ मलाई भन त? सौन्दर्य।

अब यो सौन्दर्य जो संसारसँग अनमोलपनाको कसीमा घोटिन सक्तछ के त्यसको नेपाल र नेपालीमा कदर छ त? के यसलाई यहाँ कुनै क्षेत्र छ? के यसको विकास र पोषण छ यहाँ?' चम्पाले यस्ता तरङ्गका साथ शिर हल्लाएर ओठ लेप्प्याइन्। ठीक यसै बेला चिमिरे, च्यान्टे, च्याँसे, फिस्टे स्वामिजी ठमठमाउँदै भित्र पसे।

उनको ढोका घर्काइद्वारा स्वप्नसंसारबाट सचेतता प्राप्त गरी चम्पा मेचबाट हत्तपत्त उठिन्। उनको चेहरामा बागीको मुखमा दोषको

छलछाम लुकाउनको कोशिशले गरेको अपाकृतता स्वामीजीको सामुन्ने छाइरहेको थियो ।

चम्पा बिलकुल लाटीजस्ती भएर, खसक्क परेर, पतिदेवको अगाडि जमिनमा आँखा झुकाएर खडी रहिन् ।

उनको मनको मुटुले समालोचना गरिरहेको थियो जस्तो रोबर्ट मन्टगोमेरीको समालोचना लार्ड मेकालेले गरेका छन् । तर उनी बाहिरबाट खुसुक्क परेर परिस्थितिको श्रेष्ठतालाई मान्य सम्झी उद्योगमा खडा रहेकी थिइन् । स्वामीजीले पोशाक राखे । उनको हातबाट एक, एक पोशाकका थान उनले पक्रँदै उचित ठाउँ मेचमा, खुटीमा तन्दुरुस्त राखिदिइन् । तब आफ्नो बढ्ता काम या सेवाको आवश्यकीयता होवैन होला भनेजस्तो प्रश्नात्मक ढाँचाले द्वारको पलैंटातर्फ अधराजी पयर चालेजस्तो देखिइन् ।

जान लागेको देखेर रामकान्तले भने, "चम्पा ! किन ? कहाँ जान लाग्या' ? बस न एकछिन । मसँग रिसाएर हो कि ? किन आज केही पनि नबोलेकी ?"

चम्पाले फर्केर मसिनो स्वरले भनिन्, "नबोल्दा त यस्तो छ आर्कालाई । म जाऊँ क्यार !"

रामकान्तले आफ्नी पत्नीको सौन्दर्य र शीलको मनमन प्रशस्त कदर गरिरहेका थिए– 'निर्दोष, यति सुन्दरी, यति बेकसूरवाला छिन् त ! ठकुरीकी छोरी भन्नु मात्र हो, मेरो आदर्श च्यान्टा भए पनि यिनी कमसेकम उच्च सौन्दर्य हुन सक्ने मूर्ति छिन् । मेरो आदर्शमा मेरै च्यान्टापनाको प्रभाव अङ्कित छ । यो उनको भूल होइन । तर टी.बी. हो पाहुना । टी.बी. ! तँ मेरो सर्वस्व खान आएर करबल आतिथ्यको उपदेश दिइरहिछस् । अब त मैले तेरो उपर विजय प्राप्त गरेँ । तँ मलाई अब मार्न सक्तैनस् ।'

उनका तरङ्गका मूक क्षणमा चम्पादेवीले खूब तीखो नजर लगाइन् । उनले अपलक अभ्यस्त आँखाले पुरुषको चेहरा जाँचेर मुखरेखाको अन्तर्भाव खूब पढ्न खोजिन् । उनले सम्झिन् – 'यी पुरुष चिन्ताशील छन् आज सायद आफ्नो बिमारीको विषयमा सायद उनलाई आमा चिढ्याउनदेखि डर लागिरहेछ । सायद उनी मलाई यहाँ राखेर

मसँग कुरा गरिरहनको सल्लाहनीयताउपर चिन्तित छन् ।'

यी विचारले चम्पा तुरुन्त ढोकाको फग्ल्याँटो उघारेर खुरुक्क बाहिर निस्किहालिन्, जस्तो ती युवतीहरू गर्दछन् जो स्वामीलाई कहिलेकहिले निराश पार्न या कज्याउन चाहन्छन् ।

"ए ! ए  चम्पा !" सचेत रामकान्तले गालीको टोनले बोलाए - मानौं टेबिलको मसलदार तरुवा माछो टिपेर हिँडेको बिरालोलाई हप्काएझैं, तब उनी फेरि गौडदार बने ।

'बैंस मीठो मूर्ति हुन्छ । सौन्दर्य एक विचित्र गुण हो । तर मेरो अवस्था खराब छ । हुनत आमाले भन्नुभएको कुरा बेमुनासीब होइन – ब्रह्मचर्यपालन । त्यसैमा ऋषिमुनि र धर्मको जोड छ । तर, तर ती चम्पा त्यति राम्री, त्यति सुकुमारी, त्यति फुकेकी, फुलेकी, त्यति ललित र त्यति लाल । मानौं उनको पुष्पसदृश विकासमा केवल माहुरी र भँवराको खोजको सिवाय नक्कलझक्कल नै थिएन । पोशाक उनको सँगी थियो । राम्रो हुनु धर्म, श्रृङ्गार उनको कला, आकर्षण उनको जीवन । मानौं प्रत्येक स्नायु रमरमाएर वोल्दथ्यो, 'जीवन ! जीवन ! प्रेममय जीवन !'

यदि उनी मरेका भए ? बिलकुल सिलटिम्मुर खाएका भए ? त्यस बेलासम्म चम्पा सेती, मैली, गोधूलि र आँसुकी तारा हुँदी हुन् । उनलाई इन्द्रेणीका सातै रङ्गले त्याग गर्दथे । रातोको हत्यारो मिठास - मारूँ, मारूँ नीलोको मधुर त्रासको गाढापन, पहेँलोको धनी वासन्तिकता, इत्यादि, इत्यादि श्रृङ्गार जो स्त्रीको आत्मा थियो उनीबाट दूर रहन्थे । उनी अर्धमुर्दा भएर आफ्नो बैंसलाई गिज्याएर निन्याउरिन्थिन् । तिनका मुगा सिसा हुँदै खिया लाग्दै जान्थे । तिनका आँखा निराशले झुक्दथे । तिनका मुन्डाहरू मरेका नागिनीझैं अजीव रहन्थे । तिनमा केवल बिजोगको चिसो जिउँदो मर्दो मूर्ति संसारलाई गिज्याउन खडा रहन्थ्यो ।

उनले जीवन पुनः प्राप्त गरेका थिए । सुन्दरी चम्पा फेरि बाँचेर फुल्न लागेकी थिइन् । तर यस प्रफुल्लतामा उनी आफूका निम्ति एक महान् प्रहसन थियो । खै तिम्रो पुरुषार्थ ? खै तिम्रो योग्यता, त्यस कर्मको लागि जो प्रजननको पवित्र तथा अविरल कर्मको

स्वरूपमा अतिमानव सन्तानोत्पादनको लागि आवश्यकीय र आदरणीय सम्फिएकी थिइन् प्रकृतिदेवीले ?

उनलाई यो भीषण मृत्यु थियो, मृत्यु थियो। उनले यसबाट वच्नै पर्छ। के चम्पाको दोष थियो यस विषयमा ? उनी पहाडकी फूल थिइन्। वसन्तको मीठो नटिपिएको गुलाफ थिइन्। स्वर्गकी अप्सरा। उनी खिल्न आइन्। मोहनीको नयाँ पाठ बैंसले प्रतिदिन प्रदर्शन गरिरहेको थियो। त्यो त अबलाको प्रकृत कला र कर्म नै हो।

उनी बैंसालु हुनु र यति सुन्दरी हुनु उनको दोष जरुर होइन। रामकान्तले आफूलाई अघोर अभागी सम्फन लागे। चम्पानामक बत्तीका अघि यौवनको ज्वालामा पुतली हुनु बेस कि संसार त्याग गरेर परमार्थ सुधार्नु बेस ?

उनमा कामना थियो हृदयको सजीव आकाङ्क्षा। तिनीहरू बराबर घचघच्याउँदथे, बराबर जोडका साथ। तर दबाब नै उनले हरहमेसा स्मरणीय पाठ सम्फन्थे। तर दबाब प्रकृतिले कानेखुसी गर्न आउँथिन्, के दबाब स्वास्थ्य हो ? रातका बीचमा रामकान्तलाई बराबर विशाल संसारको अन्धकारमा बुद्धदेवको विचित्र अकेला दीपफैं एक नवीन दीप बालेर प्रस्थान गर्ने प्रेरणा आउँदथ्यो। उनी एक-दुई बाजि रातको सन्नाटामा टुँडिखेल घुमेर समेत आए। अहिले होइन। 'म बुद्धदेवजस्तै ता कहाँ छु र ?'

प्रतिदिन मतवाला आकर्षक भरिंदो सुगन्धित बदमाश बैंस अगाडि भल्याक्कभुलुक्क देखा पर्थ्यो। मुसुमुसु हाँस्थ्यो। दृष्टिक्षेत्रबाट संसार अँध्यारो पारेफैं फेरि कतैतिर जान्थ्यो। कत्रो भयानक सौन्दर्यको ज्वाला ? मानौं ऊ आफ्नो जगत्‌को सम्राट् छ। उसको आचारको विरोध गर्ने कसैको तागत थिएन। ऊ सारा कमजोर र कमजोरीउपर हँस्सी उडाएर मस्त मुस्कुराइरहेको थियो। ऊ जनसङ्ख्या कायम राख्ने या संवर्द्धन गर्ने पवित्र प्राकृतिक कार्यका लागि पूरा तवरले सुसज्जित भएर हाँक दिन्थ्यो – पुरुषको पौरखलाई के विघ्न डरलाग्दो ?

'रामकान्त तँ मर्छस्। खामोस ! होशियार ! तँ बत्तीमा पुतली भएर नहोमिई।' रामकान्त गीता पढ्न लागे। धम्मपद पढ्न लागे।

उपनिषद् पढ्न लागे। साधुमहात्माको सभातर्फ जाने गर्न लागे। कम बोल्न लागे। उनले महात्मा गान्धीको जीवनका पाना पल्टाएर बराबर स्नान गर्ने आदत बसाले।

एक दिन रमादेवीले थाहा पाइन्। धारामा गएर कोही मानिस बाह्र बजे राति नुहाउन लागिरहेछ। यो के गजब ! रहेछ आफ्नो छोरो। हप्काइन् – 'बदमाश ! उल्लू ! के गरिरहेको यस बेला ? उनी मरेकी थिइन् र ? माउसुलीले छोयो रे ! फटाहा ! अवश्य यसले देवीको साधना गर्न लागेको हुनुपर्दछ।'

बदमाश बैंस, जसलाई फेरि उनले कहिल्यै बोलाएनन्, रामकान्तको निमित्त कस्तो छापको ज्वालाजस्तो थियो। कति राम्रो, कति छिटो, कति मीठो ! आँखाले गिज्याउँथ्यो हाँसोको पहिलो बाग मात्र नानीको चमचमिलो चमकबाट छेडेर। बराबर मेनका नाचेझैँ वस्तुहरूको घरेलु वनमा नाचेर हिँड्दथ्यो। उसको लचक, उसको लोचन, उसको पुष्टता हाँकदार विकचता। कति बेसरम रमाइलो मिठास ! मानौँ मनुष्य उसको बागमा फूल थिई –शिखर सौन्दर्यमा – र' त्यही रूपको पुनरुत्पादन र अमरत्वको सङ्केतका निमित्त त्यसको पूर्ण आत्मविकासका सजीव क्रिया चलिरहन्थे – मानौँ पुष्पवनमा।

एक दिन रामकान्तले टेनिसन्को एक कवितात्मक पङ्क्ति पढे, 'एकबाजि प्रेम गरेको हुनु र गुमाएको हुनु कहिले पनि प्रेममा नपरेको हुनुभन्दा उत्तम छ।'

उनका भावनालहरी फेरि प्रेमतर्फ लहसिन लागे 'वैरागीहरूको फुस्रो आँसु यस दुनियाँको प्रकृतक्रियाउपर ! उनको अस्वाभाविक कामनिन्दा ! कामदेव नै संसारको सच्चा राजा हो जब प्रथम कामको स्पन्दनमै ब्रह्माबाट पनि संसार रचना भएन। प्रेम प्रकृतक्रिया हो। भाले-पोथी, पोथी-भाले 'यहाँभन्दा दुनियाँमा अर्को के छ ? ...पशुपति-गुह्येश्वरी, गुह्येश्वरी-पशुपति। कि जाने शङ्कराचार्यले जीवनको रहस्य कि जाने जिग्मन्ड फ्रायडले। लिङ्ग दर्शन संसारको उच्चातिउच्च दर्शन हो। के हरेक मनुष्य यौनमूर्ति होइन ? पर्दाभित्र आत्मा भनेकै त्यही हो। जीवन संवर्द्धनको क्रियाको

निमित्त योग्य स्वस्थता राख्नु नै पौरुष हो। के मेरो अधिकार छ – कुनै धर्मले चम्पालाई टी.बी. लाग्यो तिमीलाई पनि भन्न ? उनलाई टी.बी. लागेको छैन। स्वस्थ छिन्, उनी डल्ला फोरिएकी जमिन छिन्। उनी लहलहाउन चाहन्छिन्। उनी समर्थ पृथ्वी छिन्। म रोगी किसान।' त्यसपछि उनी यौनसाहित्यतिर लागे। डी.एच. लारेन्सका निबन्धहरू अध्ययन गर्न लागे, उनले त्यस ग्रन्थकारमा असाहित्यिक, साहित्यिक तवरको सरल यौनविवरणहरू पाए। ग्रन्थकार थियो यौनभावको परमभक्त र पुजारी, 'यौनभाव एक पवित्र अग्नि हो। यसले सब चीज खाइदिन्छ। यो ज्वाला हो जीवनको, स्वर्णमन्दिरमा यही रहस्य हो, यही विश्वको मर्म हो। यसभन्दा अरू चीज छैन। यस वस्तुका हाँगाबिँगा सबै सभ्यता हुन्। कस्तो यौनभावको पूजा !'

उनलाई प्रकृतिले अयोग्य बनाएकी थिइन्। उनी जान्दथे जति यौनभाव परमेश्वर भए पनि, त्यो उनको लागि विध्वंसक, प्रज्वालक, क्षयक थियो। यदि यौनभाव यस्तो पवित्र वस्तु हो भने आफ्नो अयोग्यताको विचार राखेर त्यसलाई आफू जल्ने, बल्ने, उज्वाल्ने क्षेत्र प्रदान गर्दिनु र आफू त्यसका क्षेत्रको कटक नहुनु पनि त एक सच्चा अन्तस्करणवाला पुरुषको विवेकी साधुता र सच्चाइको कर्म हुन्थ्यो। उनले निर्णय गरे यो ज्वालालाई नचलाऊँ। यो खतरादार छ। यसले खान्छ, यो मेरो मृत्यु हो। उनको हृदयमा वियोगान्त नाटक शुरु भयो। तीव्र वेदना अनुभव हुन लाग्यो। आत्मनियन्त्रणको महती तपस्या उनले अभ्यास गर्न लागेका थिए। बराबर मुटुमा आँसुको गाँठो परेर आउँथ्यो। तर जीवन-संरक्षिणी शक्ति जो उनको बाहिरी सतहभन्दा ज्यादा बुद्धिमती थिई, ज्यादा बुझ्थी, उसले भनी – 'खतरा छ, रामकान्त ! पूरा खतरा ! तँ भाग्। यस ज्वालामा नपस्, यो सच्चा मृत्यु हो।' त्यो जीवन-संरक्षिणी शक्ति बढी स्वार्थी थिई। बढी मतलबी थिई। बराबर आर्को एक जना कसैले आएर खुसखुस गर्थ्यो – अपरिभाषेय कोही।

'रामकान्त ! मानिस मानवताको सेवक हो। पुरुष स्त्रीको, स्त्री पुरुषको। तब बाँच्नु भनेको अनुभव गर्नु हो। जीवनी शक्तिको बग्गीमा वाहक अश्वका रूपमा ताजा, तगडा भएर जित स्वीकार गर्नु हो।

तँ यसैको लागि जन्मिइस्, तँ मरे के बेफाइदा छ ? ... तेरो जीवनी शक्तिको अर्पण त भयो आफ्नै सत्यउपयोगको वाटोमा । तँ बेकार किन भाग्छस् ? होमिदे न आफूलाई मानव-धर्मको वेदीमा । किन डराइस् ?'

तर जीवन-संरक्षिणी शक्तिले जिती । स्वार्थीभावहरू ज्यादा प्रबल हुन्छन्, ज्यादा तिनैको विजय हुन्छ । उसले पलायनको नीति स्वीकार गरी र त्यसैउपर लम्बेचौडे व्याख्यान छाँटी, त्यो अदृष्ट कसैलाई महामूर्ख बनाएर, गिल्ला उडाएर ।

रामकान्तको हालसालको मूक, निन्याउरो, अलग्गीपना देखेर त्रस्त चम्पा भित्री प्रेरणाले झन्झन् बराबर कोठाभित्र झल्याकझुलुक देखिन थालिन् ।

तब एक रातभर चिन्ताशील युवक रामकान्तले बिहानी तोपका साथ घर छोड्ने निश्चय गरे । उनले भने, 'म जिउन चाहन्छु, मर्न चाहन्नँ ।' तब एक चिठी लेखेर चम्पाको श्रृङ्गारको बाकसभित्र हालिदिए र माताकहाँ मिरमिरे उज्यालोमा गएर भने – त्यस दिन साथीभाइहरूसँग उनलाई दक्षिणकालीमा जाने काम थियो । उनी भोलिपल्ट बेलुकीपख मात्र फर्कने थिए ... घरबाट प्रस्थान गर्दा चम्पाले गालीदार नजरले झ्यालबाट एक बार उनलाई ताडना दिइन् । उनले पुलुक्क हेरे । आँखा रसाएर आयो हृदयमा तीव्र वेदना भयो तर उनी आफ्नो छातीलाई इस्पात बनाएर घरको द्वारबाट बाहिर निस्के ।

# अध्याय ४

पर्सिपल्ट बिहानदेखिन् घरमा अलि खलबल मच्चिन लाग्यो – रामकान्त किन घर आएनन् ? साथीभाइहरूकहाँ खबर पठाइयो। कतै कसैको दक्षिणकालीमा जाने कार्यक्रम थिएन। सब जना ताजुबी प्रकट गर्दथे, 'के रामकान्त घरमा छैन ? ...'

आखिर सुस्तसुस्त यथार्थ कुरा खुल्न गयो। रामकान्त अवश्यमेव भागेर बेपत्ता भएका थिए। चम्पाले पाँचौं दिनका दिन आफूलाई लेखिएको पत्र फेला पारिन्, जसमा तल लेखिएबमोजिमका शब्दहरू भरिएका थिए –

"चम्पा ! मलाई ईश्वरको प्रेरणा यस्तै भयो। म तिमीबाट डराएर भागिरहेछु। तिमी भयानक वस्तु छयौ। पहिले त म तिमीमा होमिऊँ भनेजस्तो लाग्दथ्यो तर म बाँच्न चाहन्छु। म मर्न चाहन्नँ। तिमी मेरी मृत्यु हौ। यो पत्र तिम्रो हातमा कुनै दिन जरुर पर्नेछ। पढ्दा तिमी दुःखित हुनेछयौ। तर तिमी विचार गर कि मलाई स्त्री विष छ। म अभागी टी.बी.को शिकार छु। निको भएजस्तो मात्र छ। कति जना निको भएर स्त्रीको संसर्गले मरेका छन्। चम्पा ! तिमी मलाई माफ गर। म तिम्रो ज्वाला, पवित्र सुन्दर ज्वालामा होमिएर शीघ्र मर्न चाहन्नँ।

म जान्दछु म तिम्रो निम्ति अयोग्य छु। सन्तान उत्पादनको लागि मेरो योग्यता खराब योग्यता छ। एक ता मनुष्यजातिमा कमजोर, कीटाणुयुक्त पैदावारी गर्नु, अर्कोतिर आत्मध्वंस, तेस्रोतर्फ तिमीलाई दुःखी बनाउनु। म यी तीनै कामबाट आफूलाई अलग राख्न चाहन्छु। सन्तान भए पनि म तिनलाई रक्षा गर्न बाँचिरहने छैनँ। पालन गर्न सामर्थ्यशील जीवन जिउन सक्नेछैनँ। तिमी एक परी छयौ। म तिम्रो लायक थिइनँ। म आफ्नो न्यूनतामा सचेत छु। तिम्रो बैंस ज्वलन्त छ। तिमी एक मोहिनी अवतार छयौ तर हाम्रो बिहा हुन जानु एक परम अभाग थियो। हाम्रो भविष्य यस्तो होला भन्ने दुवैतर्फको सपना थिएन। अब हाम्रो दाम्पत्यजीवनको निमित्त

भारातिराइ माग्नुभन्दा आत्मवचन या छायाँ, वोको माग्नुभन्दा त्यसको आशा छाड्नु नै मलाई ज्यादा बेस लाग्यो। किन परालको त्यान्द्रोमा भुन्डिनु जब हामी दुवै जान्दछौं कि यो पिटिक्क चुँडिन्छ ? अफसोस ! हामी ब्राह्मणवर्गमा विवाहविच्छेद छैन।

म तिम्रो रूपको मनमनको पुजारी थिएँ। जीवन-पुष्प तिम्रो पदमा समर्पण गर्न इच्छा राख्तथें। तर अचानक यस्तो पर्न आयो। यो न मेरो दोष हो न तिम्रो। मेरो रोगको शिकार अझ तिमी हुन आयौ। हाम्रो जीवनमा प्रेम शुरु हुनुभन्दा अगाडि मृत्युको आरम्भ भयो। म तिमीजस्तो प्रकृतिले सुसज्जित सुकुमारी उर्वरा बैंसलाई स्पर्श गर्न चाहन्नँ किनकि यो अनैतिक कर्म हो। म तिम्रो आत्मालाई दु:ख दिने र धापमा गाड्ने क्रियाबाट पापको डरले पन्सिन्छु।

म चिरकाल जीवित रहें भने पनि तिम्रो रहनेछैनँ।

मैले तिमीलाई हृदयपटबाट निमिटयान्न मेट्नको लागि यो विश्वभ्रमणका निम्ति प्रस्थान गरेको हुँ। तिमी नरोए ! तर तिमी व्यक्तित्व हासिल गरेर आफ्नो जीवनको बाटो (समाज र बोक्रे धर्मविरुद्धमा) ठीक गर्ने उपाय सोचे। तिम्रो निमित्त पुरुष म होइन। पुरुष आर्कै कतै जन्मिएको जरुर होला...।

[illegible] तिम्रो कोही पनि नाहीँ
१ वैशाख १९२६... श्री रामकान्त अधिकारी"

यस पत्रलाई पढेर चम्पालाई एक किसिमको अनौठो जिल्म जिल्ला भएजस्तो लाग्यो जस्तो विदेशी मुलुकमा हराएकी अबलालाई लाग्छ। अब उनी बुझ्न सक्तिनथिन् बिहा गरेर दिएको घर आफ्नो थियो कि थिएन ? ती स्वामीदेवले आफूलाई त्याग गरेका थिए ? उनी यहाँ वस्नु उचित थियो कि थिएन ? उनको यसमा अधिकार थियो कि थिएन ? उनलाई एकछिन बेसरी रुन मन लाग्यो आफ्नो लाचारीउपर, आफ्नो कुइरोमय भविष्यउपर। आफ्नो यता न उताउपर। के उनी कसैकी थिइनन् त ? के उनी विश्वद्वारा निन्दित व्यक्त वस्तु थिइन् ?

उनले पत्रका सब कुराहरूको स्पष्ट अर्थ बुझ्न सकिनन्।

'शायद रोगी भएकोले स्त्रीसँग फसे मरिन्छ भनेर भाग्या' होला, जोगी भा' होला अब। एक वचन त बोल्नुपर्थ्यो हामीसँग पनि ?... कसरी छोड्न सक्नु ! कति निठुरी हुन्ना हुँदा रहेछन् पुरुष ?' अब उनको सहारा खै ? उनलाई पाल्ने को ? हेर्ने को ? हाँगा काटिएको लहराजस्तो जगत्‌का हावा-आँधीमा उनको के दशा हुने अब ? ..., उनी बराबर रुन लागिन्। चौपट्ट चित्त दुख्यो। 'यसरी अवहेलित हुनु, आह ! मैले के गरेकी थिएँ र ? के बिराएकी थिएँ र ?' हामी यिनका आँसुको विश्लेषण पूरा तवरले गर्न सक्तैनौं, तर चम्पालाई निसास्सिएजस्तो लाग्यो। रुन मन लाग्यो। उनले भन्न सकिनन् किन ? यो पत्र अरूलाई देखाउन लायक सम्झिनन्। भागेको पक्का रहेछ अब। 'सँन्यासी या जोगी भा' होला ! कसले के भन्या' थियो र ? कसले छुनु भन्या' थियो र ? अनैतिक कर्म भए घरवैरागी हुन कल्ले छेक्या' थियो र ?' इत्यादि।

चम्पाको दयाले उसतर्फ पुरुषको हृदयको महती एकान्त वेदनाको एकरत्ती छेउ पक्रन सक्तैनथ्यो। उनी सम्झिन्थिन् कि स्त्री त्याग गरेर जोगी बन्न गए। उनको हृदयमा कुनै कोमल भाव थिएन। फुसा हुनेहरूको त कति पनि हिसी हुँदैन। त्यसै जर्जर्ती परेका, अरिमठे मोराहरू दया भए पो मान्छे ! ती पशुपतिमा नागा भएर धुनी जगाउने मोराहरू पनि त्यस्तै हुँदै हुन्। तिनीहरू पनि त एक-एक सुवासिनी रुवाएर घरबाट निस्क्या' होलान् नि... दया हुन्छ र दिलका जोगी भएर मात्र ? ... मान्छे त्यसै स्वर्ग जान खोज्दछन्।

दुवैतर्फ भाले तथा पोथीमा स्वार्थका भावनाहरू प्रधान थिए विशेषतया यसकारणले कि तिनीहरूमा एक बलिवेदीमा आत्मआहुतिमा परस्पर प्रदर्शन गरिने मिठासको अब अवकाश बाँकी थिएन। भालेले तीव्र वेदनाले प्रस्थान गरेको थियो नैतिक तत्वका लागिसमेत। पोथी त्यस प्रस्थानको निन्दा गर्दथी। साथसाथै र आफ्नो निस्सहायता तथा जीवनप्रयोजनको आपूर्तिको चेतनाले दु:खित थिई– हतियार हराएका योद्धाहरूझैं जो सङ्ग्रामका क्षेत्रमा आफ्नो बलियो हातबाट विजयास्त्र चट्ट फुत्केर नभेटिने ठाउँमा उडेर पुगेको पाउँछन्। अस्तु !

चम्पाले अरूहरूलाई पनि आफूले वुझेको कुराको सङ्केत दिइन्। दुई-चार रोज, हप्ता, पक्ष, एक मास खोजतलासमा बिते। अर्को महिना चिठीको प्रतीक्षामा व्यर्थ तीस पङ्खमा उडेर पश्चिम गयो। त्यसपछि केवल निराशाले रामकान्त अधिकारीको मैतीदेवीको घरमा बास गर्न थाल्यो। त्यस सुनौला पिँजराबाट एक बोल्दो, गम्किँदो चिडिया विशाल विश्ववनमा फुका उडान लिएर अक्कासिएर गएको थियो।

त्यसपछि चम्पाको घरेलु जीवनमा अनेक कठिनाइहरू उपस्थित भए। उनी साराका अगाडि निरस्त्र योद्धाजस्ती भइन्। सबकी हास्यपात्रा हुन्थिन् उनी। सानो कुरामा पनि खिसिक्क हाँसिदिने माहिली ज्येठानी ... चुनु।

"आज शनिश्चरवार होइन?"

"खूँ...खूँ ...खूँ...खूँ !"

'कत्रो खूँ...खूँ ...खूँ...खूँ त? खुनै चुस्लाजस्तो बा हाँसो तिनीहरूको! अरू पऱ्या' देखे खूब दाँत बजाउँछन्। खाडलमा पऱ्या' देखे त ब्वाँसो हाँस्या' जस्तो हाँसिरहँदा होलान् दिनभरि, कुन्नि? आइतबार भन्न पनि नहुने!...

सासू पनि मानो पोइलाई निकाल्ने यही हो भनेजस्तो गर्ने घोरमुखा! ...

'तँ आएदेखिन् खूब लच्छिन लागिरहेछ घरमा। मेरो कान्छो छोरालाई रोग लाग्यो तँ आएदेखि। तैँले नै गरेर ऊ घरबाट वैराग्यले निक्ल्यो। राम्रो छ तेरो चालामाला? कान्छुलाई निकाल्न भित्र पसेकी सेती बिराली। बस! त्यसका साथ भन् ऊ नै पो रुन थाल्ने, ए!'

'चालामाला?... कठेनी, पहाडिनीले राम्ररी हाँस्या', खेल्या', चल्या' देख्न हुन्छ र? नाक चलाई रे! भौँ बङ्ग्याई रे! त्यस्तो पनि हो? पनेला चोली लगाउने सासू ता नपरोस् बा कसैलाई! एकआँठे कपाल बाट्दै थिइन् ल अस्तिसम्म। शुद्ध कठेनी। रेशम लाएर, सलम लाएर ऐना हेरी रे! त्यस्तो पनि भन्ने कुरा हो कतै? कस्तो असभ्य घर छि! जिभ्रो ता भो, गाईको के खस्रो होला र?

अघिल्लो जनममा बाघिनी थिइन् कि भालुनी, कुन्नि ?'

सासू-बुहारीको कथा घरेलु दैनिक उपन्यासको रूपमा यथार्थ दर्शन सबले गरेकै छन्। यथार्थको अनुभव नै साहित्यभन्दा राम्रो हुन्छ। यो जुगान्तर चलिआएको वैमनस्य मनोवैज्ञानिकहरूले परीक्षण गर्दा यौनभावको प्रतियोगितामा आखिरी बैठान बसाएका छन्। बिनाछोराकी बुहारी घरकी कसिङ्गर देखिन्छे... विधवा, होस् या सधवा होस्। छोरीको व्यक्तित्वको कब्जा र प्रभावले गर्दा सासूनामक उग्र जलको बाढीलाई किनाराबद्ध गरिदिन्छ; तर सब सासूहरू खहरे भएर गड्कन्छन् त्यस बेला जुन बेला घरमा छोरो हुँदैन। नियन्त्रित सौतेनी... भावना शायद त्यस स्नेहकी अति धनीउपर खत्तिन जान्छ जो बेहतियार अकेली रहन्छे। त्यस बेला देवरानी, ज्येठानीका बलले समेत सासूको साम्राज्याधिकारको दावा पोषण गर्न थाल्दछन्।

चम्पालाई घर टिकिसक्नुको भएन। 'कस्तो घर ! कुरा फाँडच्या' छन् फाँडच्या' छन्। कस्ता सुवासिनीमान्छेहरू छिः ... एउटा बाजे आँखामा हाले पनि नबिभ्फाउनेजस्ता नभा' भे त भो !'

चम्पाको जीवनस्वप्न, स्वर्णमहल हावामा बेपत्ता थियो। उनलाई एक आशा थिएन, एक भरोस। वैंस गुनकेशरी, लाहुरे, सुनगाभाभ्फैं फुल्यो। तर केको लागि ? रुन, च्याँट्ठिन, बोक्सी लाग्न, बुहार्तन खान।

'जीवन भन्या' खै ?' उनले विचार गर्न थालिन् – 'खै जीवन ? के छानामनि बास गर्नु चिथरसान् र कोपरसन्को नाम जीवन हो ? हामी किन जन्म्यौं ?' चम्पाले यस वातावरणमा व्यक्तित्वको विकास हुने तत्वहरू अभ्फ प्रारम्भिक तवरले पनि हासिल गर्न पाएकी थिइनन्, बिचरी ! साथी कोही थिएनन्। उनको व्यक्तित्वको चेत गुणको विशेषताको चेत भएको गुण मनुष्यको मूर्तिभ्फैं आफूउपरका नियन्त्रित अधिकारीवर्गविरुद्ध बागी फटाफटाइ लिन खोज्थ्यो, जो हामीहरू अन्यायपूर्वक तल थिचिएका छौं भन्ने चैतन्य अन्तरहृदयमा राख्तछन्। यो सहानुभूतिहीन घरेलु जीवन ? बोकाबाखाहरू साथसाथ राखिँदा मनोरञ्जक सिंगौरी लडाइँ गर्छन्। त्यसमा द्वेषता छैन ?...

चिमट, विष छदाइ, कोटचाइ, हलेदो कोटचाइ, छेड, रुवाइ,

खिसीटेप्ली के हामी यत्ति चीजका निमित्त जन्मिएका छौं त ?

चम्पाको व्यक्तित्वले आफ्नो गृह नामको जेलखानाको बन्द उकुसमुकुसीबाट आत्मविस्तारको क्षेत्र क्रमशः खोजी गर्न लाग्यो उनलाई घर टिकिसक्नु भएन। एक दिन चम्पा कुनै माइतबाट भेट्न आएको मानिससँग कुरा गर्न लागेकी थिइन्। सासूले उनको हँसाइ, चलाइ इत्यादिबाट उनको चालचलनको टीकाटिप्पणी गर्न थालिन्।

"यो नचिनेकी हो र ! यो बेस्से हुन्छे, बेस्से !"

चम्पाको हृदय विदीर्ण भयो, यति काइदासँग धर्म सम्झ्यो त्यसको लागि जो आफूलाई 'तिम्रो कोही होइन' भनेर त्याग गरेर एक वचनबिना विदेशिन्छ। उनले सहेको, भोगेको कसले देख्यो ? यति गर्दागर्दै ज्येठानी छिमेकीहरूका अगाडि वेस्से हुन्छे ! 'बेस्से हुन मन लाग्या भए कस्ले छेक्न आउँथ्यो त कसलाई ? कतिका छोरीबुहारी चोखै रहेका छन् संसारमा त ? ... गुन गऱ्यो भकुन थापा... कस्तो मुखाले घोरमुखाहरू !...'

घर त्यसको नाम हुँदैन जहाँ आफ्नो मालिक्याइँको सम्भावना न्यूनतम मात्रामा पनि छैन। पारिवारिक जीवनको माने तब शुरु हुन्छ जब बुहारीले मातृत्वको आरम्भ गर्दछे। तर चम्पालाई कुनै किसिमको प्राकृतिक या अरू दावा घर नामको विदेशतर्फ लगाउने अवकाश दिइएको थिएन।

उनको हृदयले तीव्र वेदनाको स्वरमा उद्गार गर्न लाग्यो। 'हाय ! अभागिनी चम्पा ! खै तेरो घर ! यत्रो संसारमा तेरो को छ ?'

चम्पालाई घरतर्फ झन्झन् वैराग्य लाग्दै गयो। उनी बोल्नचाल्नसम्म पनि छाड्दै गइन्। कृष्णको पूजातिर ज्यादा ध्यान दिन्थिन्। उनलाई अरू आश्रय या अरू कुनै पक्रिने हाँगो दिइएको थिएन। यौनभाव परम पूजनीय भए तिनको आदर्श आश्रयस्थान जसलाई हामी कृष्णजी भन्छौं सब स्त्रीजातिका परमेश्वर तथा स्वर्ग मात्र होइनन् कि सब दबाबमा रहेका अन्तरव्यापारका आच्छन्न प्रकाशनका दिव्य मार्गसमेत छन्। ज्यादाजसो ती स्त्रीहरू श्रीकृष्णतर्फ ज्यादा भक्ति गर्न प्रवृत्त रहन्छन्, जसमा सामाजिक या घरेलु घटनाले तथा औद्योगिक कर्मका अभावले, आत्मप्रकाशनको बाटो सबभन्दा साङ्ग्रा रहन्छन्। निरोधक

कुलो श्रीकृष्ण चम्पाका निमित्त दिनदिनै फैलिंदै, भरिंदै जान लागे र तिनका स्रोतमा प्रशस्त जल बहन लाग्यो। त्यसउपर पनि अझ विरोधी समालोचना, भयङ्कर टिप्पणी !

संसारमा मानिसहरूलाई न राक्षस भन्नु न दैत्य। कति असहनशील हुन्छन् तिनीहरू ल। अर्काले गरेको धर्मलाई समेत हँस्सी उडाउन सक्ने यी पापिनीहरू !

श्रीकृष्णको चित्र बडो सुन्दर तवरले सिँगारेर चम्पाले आफ्नो कोठाभित्र सजिसजाएर टेबिलउपर राखेकी थिइन्। दिनदिनै माला गाँस्दथिन्। पोशाक लगाइदिन्थिन्। ज्यूनारको समय हुन्थ्यो, स्नानको, सुकलाको, सुसारको समेत। कल्पनाले ती सब चीज कृष्णको चित्रलाई सजीव बनाएर उनका साथमा सम्वन्धित राख्दथ्यो, जति चीजको अभाव चम्पाको घरेलु जीवनको बैंसालु विकासमा उनी आफैं भित्रभित्र अनुभव गर्ने गर्थिन्।

उनलाई कहिले पूरा तवरले विश्वास लाग्दथ्यो कि ती कृष्णजी चित्रबाट सजीव भएर जीवनाकार पुरुषका स्वरूपमा चट्ट टेबिलबाट उर्लेर उनका बगलमा जुनेली रात बिताउन सक्थे। सुन्दरतम मानव, एक आदर्श मानवीय, राजसी मानवीय सब युगका स्त्रीहरूको निमित्त आवश्यकीय पाइनुमा नै धर्मको मुख्य आधार र आश्रय बनेको छ।

चुम्वन, बन्धन, आत्मसमर्पण, छातीटँसाइ, खुसखुस कुरा गराइ, टहल, शुश्रूषा, स्वामीभावना इत्यादि सब भक्तिमार्गका शाखा पनि हुन् तथा यौनभावमा प्रशाखास्वरूप पनि। यस काल्पनिक नाटकीय दाम्पत्यजीवनमा चम्पालाई ठूलो शौक बढ्दै गयो अरू तवरको सदृश आश्रयको अभावले। यो पनि एक किसिमको व्यभिचार ता जरुर थियो, बुझ्न सक्नेहरूका निमित्त; किनकि सब सभ्य व्यभिचारजस्तो असन्तोषप्रेरित आकाङ्क्षाहरूको पूर्ति यहाँ पाइन्थ्यो। त्यस जीवन या पुरुष धनीबाट जसमा समाज स्त्रीलाई सन्तुष्ट राख्न चाहन्थ्यो। तर यो धर्मसमर्थित व्यापारमा आदर्श पति प्रतिबिम्वताको आडमा पुरुषतर्फ कुनै दुर्भावना गरिएको छ भन्नु फजुल थियो।

चम्पाको, अरू नेपाली दलित अचेत या अर्द्धचेत या अर्द्धविकसित स्त्रीहरूको झैं व्यक्तित्व विकासको भर्खर आरम्भ हुने चेष्टासम्म

देखिएको थियो। व्यक्तित्व नै संसारको सम्राट् हो, यसको अभाव शून्यता हो। त्यस शून्यतामा जीवनको लवलेश पाइन्न। मनुष्य जब एक चीज हुँ भन्दछ, र अरू चीजसँग लड्न थाल्दछ, ऊ केही न केही बन्न जान्दछ। जब ऊ सब किसिमको चीजमा एकाकार रहन्छ या सब मतको समर्थक रहन्छ, तबसम्म ऊ हावाको निर्जीव परालको रूपमा रहन्छ। महत्वको मात्राको प्रधानता चढ्नु नै विकासको पहिलो सिँढी हो। आज्ञाकारिताको विष्णुसहस्रनाम सबैले लेखेका छन्। तर केवल झुकाइ र निहुराइ मात्र विकास हो भन्नु सफेद गलत हो। चम्पाको निमित्त, प्रकृतिका नियमले नै जीवनको सर्वस्वाभाविक सब क्रिया र गुणबाट वञ्चित भएर, स्त्रीत्वको निमिटद्यान्नमा घरबुहारीको निन्याउरो मैलो आदर्श हुनु सुहाउने कुरो जरुर थिएन। चम्पा मानिस बन्न खोज्दथिन् तर चम्पा डराउँदथिन्, उनमा संस्कारहरू भयङ्कर थिए। पूर्वजन्मका भीषण कीटाणुहरू, पुस्तान पुस्ताका विषाक्त वाष्पहरू क्रियाशील थिए। उनी अझै परिस्थितिकी दासी थिइन्। तर प्रकृतिले उनलाई वर्ड्सवर्थको लुसीलाई झैं क्रमश: व्यक्तित्व हासिल गर्न सिकाउने आवश्यकीय जीव शिक्षाको पाठशालामा एकदम अगाडि बढाउने चेष्टा गरिरहेकी थिइन्।

तब यस्तैमा एक दिन उनको सासूसँग घनघोर झगडा पऱ्यो।

"ए कान्छी !" चम्पाले आधा सुनिन्।

"अझ सुन्दिन ! भर्खर गुनगुनाइरहेकी थिई !"

"आ" चम्पाले आङ कर्काइन्। रातको एघार बजेको छ।

"ए चम्पा ! तेरो कान छैन ? अझ बोल्दिनस् अजिर्नी ?"

चम्पा सासूको कोठामा फन्किँदै पसिन् रिसले। बुढियाको पिँडौलामा घिउ घस्नु थियो।

"आज पिँडौला चौपट्ट करकर खाइरहेछ। घिउ घसिदेन ए !"

"कस्तो घिउ घस्नुपऱ्यो... पहाडीको पिँडौला"

च्वाट्ट सासूले सुनिहालिन्। उनले आफ्नो मनमनै भनें भन्ठानेकी थिइन्। बस ! बज्र चड्क्यो।

"के भनिस् चोथाले ? च्यात्तुपऱ्यो वेस्सेका गाला ?"

"बेस्से भन्नुपर्दैन अर्कालाई ! हामीले को नाठा खेला'

छौ र ?"

"खूब नवेस्से जस्ती छु भन्ठानेकी होली ए शहरिया पाडी !"

"म केको बेस्से त ? उसै जिभो फट्कार्न पाइन्छ त अर्काले नबिराईकन ? सुन्नेले के भन्लान् ?"

"सबले देखिराख्या' छन् आँखाले। सबले सुनिराख्या' छन् कानले। असल छु भन्ठान्नुभा' होला महारानीसाब !"

"कसैका आँखा फुट्या' होवैनन्, कसैका कान फुट्या' होवैनन् ए, पित्तले कुह्या' आँखा मात्र पहेँलो देख्छ सबैतिर।"

सासूले डाँको छोडिदिइन्–

"लौ बाबा ! मैले सहन सकिनँ नि बाबा ! यस चोथालेको वचन। मेरा आँखा फुट्या' छन् रे, मेरा कान फुट्या' छन् रे ! मेरा आँखा पित्तले कुहिएर झर्‍या' छन् रे ! बाबा ! यो कुन शहरियाकी पाडी आइलागेकी हो नि ! मेरी आमाले यसरी गाली गर्‍या' थिइनन् मलाई ! मेरी सौताले यस्तो सराप्या' थिइन नि मलाई !"

बस, रडाको चल्यो। आइन् ज्येठी ज्येठानी। आइन् माहिली देवरानी। पसी वसुन्धरी वाइपा। उठे बाजे रमाकान्त अधिकारी।

"यो केको रडाको हो ए ! मध्यरातमा ?"

तब वेलीवृत्तान्त चले।

"तैंले सासूसँग त्यसरी मुख लाग्नु हुन्छ चोथाले ?"

"मैले केही पनि भन्या' छैन। पहाडियाका छोरी त कस्तो अजमाउन जान्ने हुँदा रान् !"

चम्पाले 'रान्' शब्दमा यति नराम्रो तीखो जोड दिइन् कि सासूको ब्रह्माण्ड झन् अखण्ड जल्यो। घरदेखि सब स्त्रीका अधिकारबाट वञ्चित भएको, ज्वलित, दलित चम्पालाई झनक्क रिस उठेको बेलामा आँखा देख्न मुश्किल भयो। उनको व्यक्तित्वले मोचनको बाटो खोजिरहेको थियो। उनको जिभ्रो आज अरू समयभन्दा ज्यादा तीखो तथा कस्टिक थियो।

सासू झन्झन् डाँको छोड्न लागिन्, त्ससँग एक छानामनि बास गर्न किमार्थ सक्तिनथिन् रे ! पूर्वजन्मकी सौता बदला लिन बुहारी आएकी रे ! पण्डितजीले दुवै सासूबुहारीलाई 'बेस्सरी हप्काए,

बुहारी मुर्मुरिँदै आफ्नो कोठाभित्र पसिन् ।

तब आए खिसीटेप्लीका स्वरहरू ! "बाघिनी, बाघिनी ... कस्तो भुस्याहा कुक्कुर हुँदा रहेछन् बा ! नेपालमा कसाहीटोलमा मासु खुवाएर पालेको त दी !"

"कल्लाई भन्या' ?.... खूँ... खूँ... खूँ... खूँ... खिर... खिर।"

"कसैलाई पनि होइन, साँच्चिकै बाबै ! अस्ति बज्यै र म जाँदा झम्टेर कस्तो । ठिक्क ! कोही कोही मान्छेजस्तो । खिर..खिर....खिर...खिर... ।"

एक कानदेखि आर्को कानसम्म हाँस्दा मुख च्यातिने गँडयाही वसुन्धरी फलाक्न थाली ।

"छि आजकलका बुहारी ता भो। ...सासूको ता चोक्टा पो लुछ्ने रै'छ। कस्तो जिभ्रो ए ! कस्तो लाग्ने छुराजस्तो !"

'गँडयाहीसमेत आइलागेकी बाबा ! म पनि सक्तिनँ यस्तो घरमा दिनरातको रडाको !' चम्पा मुर्मुरिन लागिन् भन्भन् ।

त्यसपछि सब आफ्नो कोठातिर लागे। वसुन्धरीले मात्र सुईंक्क गर्दै सासूको पिँडौलामा घिउ घस्न लागेको आवाज सुनिन्थ्यो- कठबारले छेकेको पल्लो कोठाबाट ।

झगडा एक प्रकाशन हो। यो रोग होइन। रोगको लक्षण मात्र हो। झगडाको पूर्वरूप जो मनको वैमनस्य हुन्छ त्यही वास्तविक रूपको गन्दा खराबी हो। जस्तो लडाईं खराब होइन केवल राष्ट्रको वैमनस्यको र प्रतियोगिताको फुटान मात्र हो ।

'अच्छा ! म पनि यस छानामुनि घोरमुखासँग एकै घरमा बस्दिनँ रे ! बस्छु कहाँ त ? ...

त्यो थियो साँच्चिकैको समस्या माइतमा त !

घरफाला बुहारीको माइत भाउज्यू-बुहारी नामका दन्तदार, आँखादार दुम्सीहरूको काँडो फैंकाइको झन् विष्टे खेर हुन्छ ।

जे भए पनि उनीलाई बरु माइतै बेस हुने थियो। दुई चार महिना त हेरून्। नभए भान्से लाग्ने थिइन् दरबारमा, कतै। कतै भएन भने देखाजायगा। यत्रो संसारमा एक ठाउँ कसो न कसो नमिल्ला ? घमण्डी भ्रष्टसाधु, क्रोधिनी, दलित, ज्वलित चम्पाले त्यो रातभर नसुतीकन पोकापन्तरा ठीक पारिन्। भोलिपल्ट झिसमिस हुँदा कसैलाई थाहा नदिईकन नोकर्नी वसुन्धरीकी छोरी पानमतीसँग वाग्मतीपारि माइतीको बाटोमा रमाना भइन्।

Digitised By

www.pustakalaya.org
www.olenepal.org

## साझा प्रकाशनका सङ्ग्रहणीय उपन्यासहरू

| | |
|---|---|
| अतृप्त | लीलबहादुर छेत्री |
| अनुराधा | विजय मल्ल |
| अविरल बग्दछ इन्द्रावती | रमेश विकल |
| आगत | भवानी भिक्षु |
| आज रमिता छ | इन्द्रबहादुर राई |
| इन्साफ | भीमनिधि तिवारी |
| उत्खनन | गोविन्द गिरी 'प्रेरणा' |
| एउटा पुरानो घर | शङ्कर कोइराला |
| एक चिहान | हृदयचन्द्रसिंह प्रधान |
| एक पालुवा अनेकौं घाम | दौलतविक्रम विष्ट |
| एक्काइसौं शताब्दीकी सुम्निमा | प्रदीप नेपाल |
| घामका पाइलाहरू | ध. च. गोतामे |
| ज्योति ज्योति महाज्योति | दौलतविक्रम विष्ट |
| डबली | राजेश्वर देवकोटा |
| तथाकथित | ध्रुवचन्द्र गौतम |
| नरेन्द्र दाइ | विश्वेश्वरप्रसाद कोइराला |
| नेपालदेखि अमेरिकासम्म | डा. तारानाथ शर्मा |
| पागल बस्ती | सरुभक्त |
| बाबु, आमा र छोरा | विश्वेश्वरप्रसाद कोइराला |
| माधवी | मदनमणि दीक्षित |
| यहाँदेखि त्यहाँसम्म | ध. च. गोतामे |
| योजनगन्धा | विनोदप्रसाद धिताल |
| राधा | कृष्ण धरावासी |
| वसन्ती | डायमनशमशेर |
| विवशता | बलदेव मजगैयाँ |
| शब्दातीत शान्तनु | वानीरा गिरि |
| समानान्तर आकाश | पद्मावती सिंह |
| सागर उर्लन्छ सगरमाथा छुन | रमेश विकल |

9789993326526

मुद्रक : साझा प्रकाशनको छापाखाना, पुलचोक, ललितपुर, फोन ५५२१०२३, फ्याक्स ५५४४२३६